Vacancy Announcement

We are seeking an experienced and qualified candidate for the following post.

| Post | No.of staff | Qualification |
|---|---|---|
| Accountant | 1 | Bachelor Passed |

**To Apply:**

Please apply with an application letter, updated C.V. and qualifications no later than 22th Poush, 2082 at the office.

**Contact No.** 01-6619992

**E-mail :** wisdomschool.nepal@gmail.com

**Wisdom English School**

Kamalbinayak, Bhaktapur-10



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २७ ★ अङ्क : ३४३ ★ ने. सं. ११४६ पोहेला थ्व, द्वादशी ★ बुधबार ★ १६ पुस, २०८२ ★ December 31, 2025, Wednesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८


# विद्यार्थीहरूलाई नागरिक भावना जगाई देशभक्त बनाउनुपर्ने




भक्तपुर, १५ पुस । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले प्रत्येक शैक्षिक संस्थाहरूले विद्यार्थीहरूलाई नागरिक भावना जगाई देशभक्त बनाउनुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

वागीश्वरी कलेज, वागीश्वरी मावि र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको मङ्गलबार महामञ्जुश्रीस्थित कलमसीमा भएको वार्षिक भेटघाट कार्यक्रममा उहाँले सो आवश्यकता औँल्याउनुभएको हो ।

उदारवादको नाममा पुँजीवादीहरूले आर्थिक र सांस्कृतिक रूपमा नवउपनिवेश लादेर जनतालाई दिग्भ्रमित पार्दै व्यक्तिवादी बनाउन थालेकाले नागरिक भावना जगाई देशभक्त बनाउनुपर्ने तर्क उहाँको रहेको छ ।

शिक्षा क्षेत्रलाई खतम पारेपछि मात्र साम्राज्यवादीहरूले आफ्नो स्वार्थ पूरा गर्न सक्ने भएकाले पाठ्यक्रम र पाठ्यपुस्तकका अलावा विद्यार्थीहरूलाई नागरिक शिक्षा दिनुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

पुँजीवादी शक्तिहरू विभिन्न शैलीमा अगाडि बढिरहेको बताउँदै उहाँले आर्थिक रूपमा स्वतन्त्र नभएसम्म देश स्वतन्त्र नहुने स्पष्ट पार्नुभयो ।

साम्राज्यवादीहरूको नीतिअनुसार नेपालले अनिवार्य र नि:शुल्क शिक्षा नीति नलिएकै कारण अहिले शिक्षा महँगो हुन गएको उहाँले बताउनुभयो । यही कारण विद्यार्थीहरू कामदारका रूपमा बाहिर मुलुकमा जान बाध्य भएको र साम्राज्यवादीहरूले सस्तो कामदार पाइरहेको टिप्पणी उहाँको रहेको छ ।

अमेरिकी डलरको विकल्पमा चीन, रुस, भारतसहितका देश लागिपरेकाले अहिले अमेरिकालाई अप्ठ्यारो हुन थालेको र अमेरिकाले चीनलाई साम्राज्यवादी मुलुक हो भनेर अफ्रिका, दक्षिण अमेरिकालगायतका मुलुकलाई दिग्भ्रमित पार्न खोज्दा पनि सफल हुन नसकेको जानकारी उहाँले दिनुभयो ।

वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्ट व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले


***बाँकी पृष्ठ ८ मा***


# समानुपातिकको बन्दसूचीमा २२ दलले मात्रै दिए ११० स्थानमा उम्मेदवारी


**प्रकाश सिलवाल/रासस**


काठमाडौँ, १५ पुस । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूची पेस गर्ने ६४ राजनीतिक दलमध्ये २२ दलले मात्रै ११० स्थानमा उम्मेदवारी दिएका छन् ।

निर्वाचन आयोगमा यही पुस १३ र १४ गते पेस भएको बन्दसूचीमा २२ दलले मात्रै समानुपातिकको सबै स्थान ११० उम्मेदवारी मनोनयन गरेका हुन् । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कूल ६४ दलले सूची बुझाएकामा ५८ दलले ५८ निर्वाचन चिह्नमा उम्मेदवारी दिएको बताउनुभयो ।

सबै (११०) स्थानमा उम्मेदवारी दिने राजनीतिक दलमा नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, मङ्गोल नेसनल अर्गनाइजेसन, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी (माले), श्रम संस्कृति पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल सद्भावना पार्टी, जनमत पार्टी, मितेरी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) रहेका छन् ।

यस्तै नेपाली जनता दल, राष्ट्रिय प्रजातान्त्रिक पार्टी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी), प्रगतिशील लोकतान्त्रिक पार्टी रहेका छन् । केही दलहरूले साझा निर्वाचन कायम गरी एकापसको सूची मिलाएर ११० स्थानमा बन्दसूची बुझाएका छन् । उक्त सूचीअनुसार औसत प्रति निर्वाचन चिह्नमा उम्मेदवारी दिने दलको सङ्ख्या ६० देखिएको छ । यस्तै न्यूनतम ११ स्थानमा बन्दसूची पेस गर्ने दलको सङ्ख्या १० रहेको छ । यसैगरी एकल चिह्न लिएका दलहरू १० रहेका छन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा २०७८ को जनगणनाअनुसार समावेशी समूहको प्रतिशतका आधारमा दलहरूले उम्मेदवारी दिएका छन् । यसबिचमा कतिपय दलबिच एकता र सहकार्यको सहमति भएकाले राति अबेरसम्म बन्दसूची बुझाउने क्रम जारी रहेको थियो । आयोगमा ९३ राजनीतिक दलले यस प्रणालीमा उम्मेदवारी दिन आवेदन


***बाँकी पृष्ठ ८ मा***



'सम्पूर्ण सिकर्मी एक होऔँ'

## भक्तपुर सिकर्मी संघ

भक्तपुर जिल्ला समिति, जगाती

## निमन्त्रणा

यस संघको १३ औँ वार्षिक बृहत् सिकर्मी भेला तथा वनभोज कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण सदस्य महानुभावहरू सहभागी भइदिनुहुन सादर अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : २०८२ पुस २९ गते, मङ्गलबार
**उपस्थिति** : बिहान ९:०० बजे
**सम्येबजि** : बिहान १०:३० बजे
**उद्घाटन** : दिउँसो १२:३० बजे
**रात्रिभोज** : बेलुका ५:०० बजे
**स्थान** : सूर्यविनायक पार्टी प्यालेस तथा पिकनिक स्थल सूर्यविनायक मन्दिर प्राङ्गण, भक्तपुर

**पुनश्च** : निमन्त्रणा प्राप्त नभएमा यही सूचनालाई आधार मानी उपस्थित भइदिनु [redacted] होला ।

**अनुरोधक: भक्तपुर सिकर्मी संघ**



## हार्दिक बधाई तथा शुभकामना

यस **जेन्युइन सेकेन्डरी स्कूल**, देकोचा-१०, भक्तपुरले तीन दशक लामो अथक शैक्षिक यात्रामा देश, जनता र समाजलाई सुशिक्षित बनाउने पवित्र अभियान सफलतापूर्वक अघि बढाउँदै **30 औं वार्षिकोत्सव** विभिन्न कार्यक्रमका साथ भव्यरूपमा सुसम्पन्न गर्न सफल भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौँ ।

आगामी दिनहरूमा पनि यस विद्यालयले शैक्षिक गुणस्तर, अनुशासन र नैतिक मान्यतालाई अझ सुदृढ गर्दै देश र समाजप्रति जिम्मेवार र सक्षम जनशक्ति उत्पादन गर्दै निरन्तर प्रगतिको पथमा अग्रसर रहोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

## इन्द्रेणी छापाखाना

तथा

## मिडिया प्लस परिवार

मिवाछेँ-२, भक्तपुर

९८४१६२०६९१, ९८५१०९०१४०

# चोछैं टोलमा हाडजोर्नी तथा नसारोगसम्बन्धी स्वास्थ्य शिविर

भक्तपुर, १५ पुस । भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा ख्वप अस्पतालको प्राविधिक सहयोगमा भ.न.पा. का उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा चोछैं टोलमा हाडजोर्नी तथा नसारोगसम्बन्धी स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न भयो ।




उक्त स्वास्थ्य शिविर कार्यक्रममा अतिथि जोशीले नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले नगरवासीहरूको साथ, सहयोग र सल्लाहमा काम गरिरहेको बताउनुभयो । विभिन्न रोग लागेका पीडितलाई नेपाल सरकारबाट प्रदान गरिने रु. एक लाख र प्रदेश सरकारबाट प्रदान गरिने रु. पचास हजार उपचार सुविधा प्राप्तिको लागि सिफारिश दिइरहेको उल्लेख गर्दै उहाँले उपचारको लागि भक्तपुर नगरपालिकाले रु. १५ हजार आर्थिक सहयोग गरिरहेको बताउनुभयो । उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस भनेर भनपाले रु. पाँच लाखसम्म शैक्षिक ऋणको सुविधा दिइरहेको बताउनुभयो ।

युवाहरू विदेश पलायन भइरहेकोमा सरकार चिन्तनशील हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भक्तपुर नगरपालिकाले न्यून मूल्यमा शिशु स्याहार केन्द्र, विभिन्न ७ वटा कलेज तथा विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले नगरवासीहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै ख्वप अस्पताल सञ्चालन गरी वडामै हाडजोर्नी तथा नसारोग पाठेघर क्यान्सरलगायत विभिन्न स्वास्थ्य शिविरहरू सञ्चालन गरेर नगरवासीहरूको स्वास्थ्य समस्या हल गर्न निरन्तर क्रियाशील रही अघि बढिरहेको छ भन्नुभयो ।

स्वास्थ्य शिविर कार्यक्रमका सभापति एवं भ.न.पा. ६ का वडा अध्यक्ष हरिराम सुवालले वडामा खानेपानी समस्या सुल्झाउन सम्बन्धित खानेपानी संस्थानसित समन्वय गरी कार्य गरिरहेको बताउँदै पुरातात्विक चोछैं छुमा गणेश चोछैं स्थानीय उपभोक्ता समितिमार्फत मौलिक शैलीमा पुन: निमाण कार्य सम्पन्न भइसकेको बताउनुभयो ।

उहाँले ज्येष्ठ नागरिकहरूको हेरचाह गर्न ख्वप आदर निकेतन सञ्चालनको लागि आवश्यक कार्य भइरहेको बताउनुभयो ।

समाजसेवी गोपीकृष्ण चाँगुभारीले विगतमा किसानहरू खेती कृषि क्षेत्रमै व्यस्तताका कारण सरसफाइमा कमी भएको उल्लेख गर्दै हाल विभिन्न जनचेतनामूलक कार्यले सरसफाइ, स्वास्थ्य क्षेत्रमा परिवर्तन भइरहेको बताउनुभयो ।

हाडजोर्नी तथा नसारोगका डा. श्रीकृष्ण कासिछ्वाले मानिसको २२ वर्षपछि हडी खिइने सुरु हुने जानकारी गर्दै खानपिन, रहनसहन, बस्ने तौरतरिका नमिल्दा हाडजोर्नीको समस्या हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा वडा नर्स पूर्णिका लाखे र वडा सदस्य सिद्धिराम अवालले पनि आ-आफ्नो धारणा व्यक्त गर्नुभयो ।

# सहकारी संस्थाले आर्थिक नाफा मात्र नभई सामाजिक र शैक्षिक विकासमा पनि ध्यान दिनुपर्ने




भक्तपुर, १५ पुस । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को ३२ औं स्थापना दिवसको अवसरमा ऋण उपसमितिको आयोजनामा ऋणी तथा सदस्यहरूलाई संस्थाको परिवर्तित ऋण नीतिसम्बन्धी जानकारी एवं भेटघाट कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले संस्थाका सहकारी संस्थाहरूले आर्थिक नाफा मात्र नभई सदस्यहरूको सामाजिक र शैक्षिक विकासमा पनि ध्यान दिनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले सदस्यहरूको स्वास्थ्यको ख्याल गरी मुटुरोग, क्यान्सरजस्ता जटिल रोगहरूको लागि आर्थिक सहयोग उपलब्ध गर्दै आएको जानकारी दिनुभयो ।

संस्थाका कोषाध्यक्ष जयराम गोर्खालीले संस्थाको कूल सम्पत्ति ३ अर्ब ३८ करोड ९६ लाख ५२ हजार रहेकोमा १ अर्ब ८८ करोड ५९ लाख ८५ हजार मात्र ऋण लगानी हुँदै आएको जानकारी दिनुभयो । उहाँले कम ऋण लगानी भएको कारणले संस्थाबाट प्रदान गरिने लाभांश प्रतिशतमा पनि प्रभाव पर्ने बताउनुभयो ।

कार्यक्रमका सभापति एवं ऋण उपसमिति संयोजक रामचन्द्र दुमरुले संस्थाको ऋण नीतिमा भएको परिवर्तनबारे जानकारी दिँदै संस्थाका सम्पूर्ण सदस्यहरू साधारणसभामा उपस्थित भई उचित सुझाव दिनुका साथै संस्थालाई सचेत गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

संयोजक दुमरुले नीति नियम पालना गर्ने सहकारी संस्था सुरक्षित हुने बताउनुभयो । कार्यक्रममा उपसमितिका सचिव प्रकाश खाइजुले पनि बोल्नुभएको थियो ।

# भक्तपुर साकोसमा किटनाशक विषादी प्रयोग तथा असर र बालीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

भक्तपुर, १५ पुस । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि. को कृषि उपसमितिको आयोजनामा किटनाशक विषादीको प्रयोग र त्यसले वातावरण र मानव शरीरमा पुऱ्याउने दिर्घकालिन असर तथा नगदे बालीसम्बन्धी विभिन्न कृषक तथा जनसमुदायलाई सुसूचित गर्ने उद्देश्यले मङ्गलबार अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।




कार्यक्रममा संस्थाका अध्यक्ष निर्मल प्रजापतिले भान्छामा प्रयोग हुने वस्तु विषादीजन्य भएकोले त्यसबाट कम असर हुने गरी कसरी प्रयोग गर्न सकिन्छ भन्ने जनमानसमा सुसूचित गर्ने उद्देश्यले आजको कार्यक्रम भइरहेको बताउनुभयो ।

उहाँले रोग लागि सकेपछि उपचार गर्नेभन्दा रोग नै लाग्न नदिने उपायहरू अवलम्बन गर्न सके हाम्रो भविष्य सुरक्षित हुने बताउनुभयो । विषादीको प्रयोग कति गर्ने, प्रयोग आवश्यक छ वा छैन अध्ययन र अनुसन्धान हुनुपर्ने उहाँले बताउनुभयो ।

कृषि विज्ञ रवि ख्याजुले भान्छामा प्रयोग हुने तरकारीमध्ये ९९ प्रतिशत तरकारीमा विषादीको प्रयोग भएको हुन्छ र त्यसबाट हामी अछुतो हुन नसकिने तर कम असर पर्ने उपायहरू अवलम्बन गरी उपभोग गर्न सकिने बताउनुभयो । उहाँले विषादीले टाउको दुख्ने, रिगटा लाग्ने, बेहोस हनुको साथसाथै क्यान्सर, बाँझोपन, पक्षघात, कलेजो तथा मृगौला बिग्रने जस्ता दिर्घकालिन असर हुने रोगहरू लाग्न सक्ने बताउनुभयो ।

उहाँले विषादी हाम्रो शरीरमा गर्भवती आमाबाट बच्चामा, नाक, मुख, आँखा र छालाबाट शरीरमा प्रवेश गर्नसक्ने भएकोले यसको प्रयोग गर्दा पुरै शरीर धाक्ने गरी लुगा लगाएर प्रयोग गर्नुपर्ने बताउनुभयो ।

बजारबाट ल्याएको तरकारी सिधै उपभोग नगरी केही दिन फ्रिजमा राखेर, पानी बग्ने गरी धारामा पखालेर, नुन पानी वा खाने सोडा मिसाएर १५/२० मिनेट पानीमा डुबाएरमात्र प्रयोग गरे ८० प्रतिशत विषादी नष्ट हुने उहाँले बताउनु भयो ।


उहाँले तरकारीमा किरा लागेमा मित्र किरा, जैविक विषादी, निम, झोल मल आदीको प्रयोग गरी रोकथाम गर्ने उपाय अपनाउनुपर्ने र किटनाशक विषादीको उपयोग अन्तिम उपायको रूपमा प्रयोग गर्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुरमा तीस हजार घर परिवार कृषिमा निर्भर रहेको, पाँचदेखि दस अर्बको आम्दानी हुने तर बढ्दो सहरीकरणसँगै जमिन घट्दै गएकोले परम्परागत खेती छोडी बढी उत्पादन हुने खेतीतर्फ लाग्नुपर्ने बताउनुभयो । कृषि उत्पादन गर्दा राम्रो बालीको छनोट, आधुनिक प्रविधि, कम्पोष्ट तथा जैविक मल, मौसमअनुसारको बालीको जात छनौट, प्रविधि, प्रशोधन, माग, लगानी, भण्डारण, जनशक्ति, नीतिगत सहयोग, मुल्य अभिवृद्धि, बालीको बिमा आदिमा ध्यान दिनुपर्ने बताउनुभयो ।

कृषि उपसमितिका संयोजक रामलक्ष्मी दुवालले कृषकहरूले उपभोक्ताको स्वास्थ्यलाई ख्याल नगरी कसरी बढी उत्पादन गरी नाफा कमाउने भन्ने सोच राख्दा आज विषादीजन्य तरकारी उपभोग गर्न उपभोक्ता बाध्य भएको छ जसले गर्दा सर्ने रोगभन्दा नसर्ने रोग तथा क्यान्सर रोगी दिनानुदिन बढ्दै गएको बताउनुभयो ।

कार्यक्रममा रामचन्द्र कोजु, कर्ण प्रजापतिलगायतले आफ्नो जिज्ञासा राख्नुको साथै कृषि उपसमितिका सदस्य कृष्णसागर कोजुले कार्यक्रमको औचित्यबारे बताउनुभएको थियो ।

# भ.न.पा. २ मा पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सर प्रशिक्षण शिविर



भक्तपुर, १५ पुस । भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा स्थानीय वडाका महिलाहरूको पाठेघरको मुखको क्यान्सर (VIA) तथा स्तन क्यान्सरसम्बन्धी शिविर मङ्गलबार भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले रोगको समयमै पहिचान गर्न भ.न.पा.ले वडा वडामा निरन्तर स्वास्थ्य शिविर सञ्चालन गर्दै आइरहेको चर्चा गर्नुभयो । अहिले खानपिन, जीवनशैलीमा आएको परिवर्तनले नसर्ने रोग बढी फैलिरहेको विचार व्यक्त गर्दै उहाँले समयमै उपचार भएमा निको पार्न सकिने हुँदा शिविरमा सहभागी भई परीक्षण गराउन जोड दिनुभयो ।

पुँजीवादी व्यवस्थामा सरकारमा रहेका शासकहरूले आफ्नो स्वार्थको लागि काम गर्ने तर समाजवादी व्यवस्थामा शिक्षा, स्वास्थ्यलगायतका सम्पूर्ण बन्दोबस्त नि:शुल्क हुने भएकोले नेपाल मजदुर किसान पार्टीले समाजवादी व्यवस्थाबारे बहुमत जनतालाई सचेत र सङ्गठित गर्ने कार्य गरिरहेको चर्चा गर्नुभयो ।

उहाँले युवा पुस्ता शिक्षित सँगसँगै आफ्नो पहिचान जोगाउन, कला, संस्कृति संरक्षण र संवर्द्धन गर्न सामाजिक दायित्व निभाउन अग्रसर हुनुपर्नेमा जोड दिनुभयो ।

स्थानीय समाजसेवी गणेशप्रसाद सुवालले जनताको स्वास्थ्यलाई प्राथमिकता राख्दै घरदैलो नर्सिङ सेवा सञ्चालनका साथै शिविरहरू सञ्चालन गर्नु सकारात्मक भएको चर्चा गर्दै महिलाहरूले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे जानकार हुन सङ्घर्षमा योगदान पुऱ्याएका व्यक्तिहरूको सङ्घर्षबारे अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो ।

नर्स रचना सुवालले शरीरमा अनावश्यक रूपमा मासु पलाउनु क्यान्सर हुनु हो; नङ र कपालबाहेक शरीरका कुनै पनि अङ्गमा क्यान्सर हुनसक्ने भएकोले समयमै रोगको पहिचान गर्न शिविरमा सहभागी हुन आवश्यक रहेको चर्चा गर्नुभयो ।

वडा अध्यक्ष हरिप्रसाद बासुकलाले वडामा भइरहेको विकास निर्माणका कार्यहरूबारे चर्चा गर्नुभयो । कार्यक्रममा बासु मा. वि.का प्रअ रविलाल प्रधान, वडा सदस्यद्वय श्यामसुन्दर मातां र मन्जु लाखाजुले पनि बोल्नुभएको थियो ।

# जुवातससहित पक्राउ

भक्तपुर, १५ पुस । सूर्यविनायक नगरपालिका वडा नं. ५ सल्लाघारीस्थित डेराकोठा गरी बस्ने वर्ष ४१ को गोपालबहादुर बलको कोठामा तास खेलिरहेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरी टोलीले सोमबार साँझ ६:३० बजे गणेशबहादुर बलसहित १४ जनालाई नियन्त्रणमा लिएको प्रहरी टोलीले जनाएको छ । जुवा तास खेलिरहेको अवस्थामा नगद रु. १,५३, २६० (एक लाख त्रिपन्न हजार दुई सय साठी रूपैयाँ) र बुक तासमेत बरामद गरेको जिल्ला प्रहरी परिसर भक्तपुरले जनाएको छ ।

# ताथली-८ का पूर्व जनप्रतिनिधिहरूको निधन

भक्तपुर, पुस १५ । नेपाल मजदुर किसान पार्टीको तर्फबाट २०४९ सालमा तत्कालीन ताथली गाविस वडा नं. ८ को वडा अध्यक्षमा निर्वाचित हरिभक्त न्हेम्हाफुकी सोमबार ८७ वर्षको उमेरमा निधन हुनुभयो ।

नेपाल मजदुर किसान पार्टीको नीति र सिद्धान्तअनुसार उहाँ तत्कालीन ताथलीको विकास निर्माण र किसानहरूको पक्षमा निरन्तर लाग्नुभएको थियो । उहाँ तत्कालीन गाविस अध्यक्ष जयराम बासुकला सँगसँगै गाउँ बस्तीमा पुग्नुभई किसानहरूको समस्या समाधानमा लाग्नु भएको थियो । उहाँ विगत ३ वर्षदेखि टाउकोमा रगत जमेर पीडित हुनुहुन्थ्यो ।

नेपाल मजदुर किसान पार्टीको तर्फबाट २०५४ सालमा तत्कालीन ताथली गाविस वडा नं. ८ को वडा सदस्यमा निर्वाचित गोपालदास न्हेम्हाफुकी सोही दिन ६५ वर्षको उमेरमा भक्तपुर क्यान्सर अस्पतालमा निधन हुनुभयो ।

विगत १ वर्षदेखि फोक्सो क्यान्सर रोगबाट पीडित गोपालदास न्हेम्हाफुकी निरन्तर भक्तपुर क्यान्सर अस्पतालमा उपचाररत हुनुहुन्थ्यो ।

हरिभक्त र गोपालदासको पार्थिक शरिरमा नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका सचिव पाण्डव सुवाल र जिल्ला सदस्य नारायणभक्त न्हेम्हाफुकीले दुवै जनालाई पार्टीको झन्डा ओढाइ श्रद्धाञ्जली व्यक्त गर्नुभयो । उहाँहरूको चित्तपोलस्थित राम्चेघाटमा अन्त्येष्टि गरिएको थियो ।

## सङ्क्षिप्त समाचार

# आयोगले तोक्यो खर्च सीमा

काठमाडौँ, १५ पुस । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेदवारले गर्ने खर्चको सीमा तोकिएको छ । निर्वाचन आयोगले सुगम मानिएका जिल्लाका हकमा र दुर्गम मानिएका जिल्लाका हकमा फरकफरक खर्च सीमा निर्धारण गरेको हो ।

आयोगका अनुसार काठमाडौँका पाँच वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु. २५ लाख खर्च गर्न पाउनेछन् । त्यसमा काठमाडौँ क्षेत्र नं १, ३, ६, ७ र ८ रहेका छन् । यसैगरी, १७ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु. २७ लाख बराबरको खर्च गर्न पाउने सीमा निर्धारण गरिएको छ ।

त्यस्तै, ६५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु. २९ लाख बराबर खर्च गर्न पाउनेछन् । आयोगका अनुसार ५२ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु. ३१ लाख, २६ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम रु. ३३ लाख बराबरको खर्च गर्न पाउनेगरी सीमा निर्धारण गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

उहाँका अनुसार उम्मेदवारले खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्नुपर्नेछ । त्यसरी खर्च गर्दा निजकोतर्फबाट खर्च गर्ने जिम्मेवार अधिकारी तोकी निजको नाम नामेसीसहितको विवरण भने निर्वाचन अधिकृतको कार्यालयमा पेस गर्नुपर्नेछ । उम्मेदवारले तोकेको खर्चको हदभित्र रहेर निर्वाचन खर्च गर्न र प्रतिनिधिसभा सदस्य ऐनबमोजिम निर्वाचन खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्नेछ । ***(रासस)***

# किसानसँग कोटाभन्दा बढी धान खरिद

राँझा (बाँके), १५ पुस । नेपालगञ्जस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको मुख्य शाखा कार्यालयले यस वर्ष बाँकेका किसानसँग कोटाभन्दा बढी धान खरिद गरेको छ । यस वर्ष नेपालगञ्ज कार्यालयले १५ हजार क्विन्टल मोटा र पाँच हजार क्विन्टल मध्यम धान खरिदको कोटा पाएको थियो ।

मोटा र मध्यम गरी २० क्विन्टल खरिदको कोटा पाएकामा १५ हजार २९४ दशमलव ५० क्विन्टल मोटा र चार हजार ९९९ दशमलव ७० क्विन्टल मध्यम गरी २० हजार २९४ दशमलव २० क्विन्टल धान खरिद गरिएको कार्यालय प्रमुख रामशरण लामिछानेले जानकारी दिनुभयो ।

उहाँका अनुसार मोटा धान रु. पाँच करोड २९ लाख ७७ हजार २४२ र मध्यम धान रु. एक करोड ८१ लाख ४० हजार ५६१ को धान खरिद गरिएको छ । मोटा धानको रु. तीन हजार ४६३ दशमलव ८१ पैसा र मध्यम धानको रु. तीन हजार ६२८ दशमलव ३३ पैसा सरकारले तोकिदिएको न्यूनतम समर्थन मूल्यमा किसानसँग धान खरिद गरिएको लामिछानेले बताउनुभयो ।

केन्द्रबाट सीमित बजेट छुट्याइएको र सोहीअनुसार धान खरिदको कोटा प्राप्त भएकाले सोहीअनुसारको खरिद गरिएको बताउँदै उहाँले योसँगै यस वर्षलाई धान खरिद कार्य बन्द गरिएको उल्लेख गर्नुभयो । गत वर्ष कार्यालयले ३२ हजार क्विन्टलभन्दा बढी धान खरिद गरेको थियो । ***(रासस)***

# दुई वटा फर्मलाई जरिवाना १५ लाई निर्देशन

काठमाडौँ, १५ पुस । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले राजधानी ललितपुरका विभिन्न १७ वटा फर्ममा अनुमगन तथा निरीक्षण गरेको छ । निरीक्षणका क्रममा कैफियत देखिएका दुई वटा फर्मलाई नगद जरिवाना गरेको छ । विभागका अनुसार शक्ति मार्बल्स ललितपुर एकान्तकुनालाई रु. २० हजार जरिवाना गरेको छ । यस्तै, आर के ब्रदर्श ललितपुर हात्तीवनलाई रु. १५ हजार जरिवाना गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५, दफा ३८ 'घ' बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ १ 'क' अनुसार ती फर्मलाई कारबाही गरिएको हो ।

अन्य १५ वटा फर्मलाई भने सुधारात्मक निर्देशन दिइएको विभागले जनाएको छ । विभागले नियमितजसो बजार अनुगमन गर्दै कालोबजारी नियन्त्रण र स्वच्छता कायम राख्दै आएको छ । स्थानीय प्रशासन, जनप्रतिनिधि समेतको सहकार्यमा बजार अनुगमन तथा निरीक्षण जारी रहने विभागको दाबी छ । ***(रासस)***

# पुस १५ : तमु ल्होसार पर्व

काठमाडौँ, १५ पुस । गुरुङ समुदायले पुरानो वर्षलाई बिदाइ गरी नयाँ वर्षलाई स्वागत गरेर मङ्गलबार तमु ल्होसार पर्व मनाउँदैछन् । ल्हो को अर्थ 'वर्ष' र 'सार'को अर्थ फेरिनु भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको हो । तमु ल्होसारलाई गुरुङ समुदायले नयाँ वर्षका रूपमा भव्य रूपमा मनाउँछन् ।

तमु ल्होसार पर्व सूर्यको किरणसँग सम्बन्धित छ । गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वतलगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुसमा यो पर्व मनाउने गरिएको हो । यसपछि क्रमशः तामाङ र शेर्पा जातिको बसोबास भएको क्षेत्रमा सूर्यको ताप आउने भएकाले माघ र फागुनमा यो पर्व मनाइने विश्वास गरिन्छ ।

पुस १५ गतेको रात सबैभन्दा लामो हुने र यसपछिका रात घट्दै जाने भएकाले पनि यस पर्वको महत्त्व रहेको जानकारहरू बताउँछन् । तमु ल्होसारका अवसरमा मङ्गलबार सरकारले सार्वजनिक बिदा दिएको छ । यस अवसरमा टुँडिखेलमा गुरुङ समुदायले विशेष कार्यक्रमको आयोजना हुँदैछ ।

कार्यक्रममा गुरुङ समुदायका मानिस परम्परागत एवं सांस्कृतिक वेषभूषामा सजिएर सहभागी हुन्छन् । कार्यक्रममा गुरुङ समुदायको परिकार विशेषको प्रदर्शनी गरिनेछ । यस अवसरमा आइतबारदेखि राजधानीको टुँडिखेलमा ल्होसार महोत्सव सुरु भएको छ । महोत्सवमा हजारौँ सर्वसाधारणको सहभागिता छ । ***(रासस)***

# हनुमानघाट परिसरमा सरसफाइ कार्यक्रम



भक्तपुर, १५ पुस । भक्तपुर नगरपालिकाको पाक्षिक सरसफाइ कार्यक्रमअन्तर्गत हनुमानघाट परिसरमा सरसफाइ कार्यक्रम मङ्गलबार सम्पन्न भयो।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले हनुमानघाट पवित्र धार्मिक तीर्थस्थल भएकोले यहाँका मठमन्दिर, घात, देवालय, सम्पदाहरूको संरक्षण र संवर्द्धन भक्तपुर नपाले गरिरहेको र सार्वजनिक सम्पत्ति संरक्षण गरी वातावरण सुधार र विभिन्न विकासका कार्यहरू गर्दै आएको बताउनुभयो ।

खोलामा नियमितरूपमा माटो झिकी नगरवासीहरूको सहयोगमा सरसफाइ गरिरहेको उल्लेख गर्दै उहाँले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

वडा सदस्य हेरा ख्याजुले भक्तपुर नगरलाई अझ सफा र सुन्दर नगर बनाउन सरसफाइमा विशेष प्राथमिकतामा राखी प्रत्येक घर-घरको कुहिने र नकुहिने फोहर सङ्कलन गरी नपा आफैले कम्पोस्ट मल बनाई फोहरलाई व्यवस्थापन गरिरहेको बताउनुभयो ।

# प्रभावकारी सरसफाइबारे भनपामा कर्मचारी भेला

भक्तपुर, १५ पुस । भक्तपुर नगरपालिका वातावरण समितिको आयोजनामा भक्तपुर नगरपालिकामा कार्यरत वडा निरीक्षक, ड्राइभर र हेल्परहरूको भेला भनपा सभाकक्षमा मङ्गलबार सम्पन्न भयो ।

कार्यक्रममा वातावरण समितिका सदस्य एवम् वडा नं २ का महिला सदस्य मञ्जुमैयाँ लाखाजुले फोहर छुट्याएर सङ्कलन गर्दा ड्राइभर र हेल्परहरूलाई गुनासो आउने मानवीय स्वभाव भएको बताउँदै जनसङ्ख्या वृद्धिसँगै फोहर मैलामा पनि समस्या बढिरहेकोमा वातावरण जोगाउने कष्ट साध्य काममा हामीले योगदान गर्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर राम्रो, सफा सुन्दर हुनुमा सफाइ कर्मचारीको देन रहेको बताउँदै तल्लो तहमा अझै कमीकमजोरीहरू सुधार गर्नुपर्ने पक्ष रहेको उल्लेख गर्नुभयो ।

"कर्मचारीहरू हरेक कुरामा स्मार्ट हुनुपर्ने बताउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटना र कुराहरू जानकारी अपडेट भई राख्नुपर्छ," उहाँले भन्नुभयो ।

स्यानिटेसन प्रमुख दिलिपकुमार सुवालले २०५१ सालमा ७ वटा ट्याक्टरले फोहर उठाएकोमा फोहर बढेसँगै कर्मचारी सवारी साधन बढेर ठुलो जमात भएको बताउँदै ड्युटिसँगै आकस्मिक उद्धारमा तत्परता देखाउनुपर्ने बताउनुभयो ।

उहाँले नगरवासीसँग झर्केर छाडा बोल्न नहुने, जवालसवाल गर्न नहुने, झैझगडा गर्न नहुने बताउँदै हाम्रो कमजोरीमा हेलो सरकारमार्फत गुनासो गर्न सक्ने भएकोले सभ्य र शिष्ट भएर इमानदारीपूर्वक काम गर्नुपर्ने बताउनुभयो ।

वडानिरीक्षक रामकृष्ण प्रजापतिले भेला हुनुको उद्देश्य हामीले गरिरहेको सफाइसम्बन्धी जिम्मेवार कामलाई अझ इमानदार, अनुशासित र प्रभावकारी बनाउने हो भन्नुभयो । उहाँले हरेक बिहान सहर उठ्नुअघि नै सडक, टोल, बस्ती र सहर सफा गरेको स्वस्थ र बस्न योग्य बनेको बताउनुभयो ।

उहाँले सफाइ ड्राइभर र हेल्परको भूमिका गाडी चलाउने वा फोहोर उठाउने मात्र नभई सार्वजनिक स्वास्थ्यका रक्षक, नगरको अनुशासनका प्रतीक र कार्यालयको प्रतिनिधि भएको बताउँदै आफ्नो कामलाई इमानदारी, जिम्मेवारी र गर्वका साथ गर्नु अत्यन्त आवश्यक छ भन्नुभयो ।

# शीतलहरबाट जनजीवन प्रभावित हुन थालेपछि राजविराजका विद्यालयमा बिदा

राजविराज (सप्तरी), १५ पुस । शीतलहरले जनजीवन प्रभावित हुन थालेपछि सप्तरीका राजविराजसहित तीन पालिकाले विद्यालयमा बिदा दिएका छन् ।

राजविराज नगरपालिकाका वरिष्ठ शिक्षा अधिकृत भोगेन्द्रप्रसाद यादवद्वारा मङ्गलबार यहाँ जारी सूचनाअनुसार अगामी तीन दिनका लागि राजविराज नगरपालिकाभरिका सम्पूर्ण विद्यालय बिदा दिइएको छ । यही पुस १६ देखि १८ गतेसम्मका लागि विद्यालय बन्द रहने जनाइएको छ ।

त्यस्तै जिल्लाको महादेवा र अग्नीसाइर कृष्णासवरण गाउँपालिकाले पनि पुस १६ देखि १८ गतेसम्म तीन दिन विद्यालयमा बिदा दिएको जनाइएको छ । महादेवा गाउँपालिकाका अध्यक्ष सुनिलकुमार मण्डलले एक सूचना जारी गर्दै चिसो बढेसँगै बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने हुनाले बिदा दिइएको उल्लेख छ ।

त्यसैगरी अग्निसाइर कृष्णासवरण गाउँपालिकाका कार्यवाहक अध्यक्ष कल्पनाकुमारी चौधरी र प्रमुख प्रशासकीय अधिकृत धिरेन्द्रकुमार यादवद्वारा हस्ताक्षरित सूचनामा पालिकाअन्तर्गतका सामुदायिक, धार्मिक तथा संस्थागत सबै विद्यालयमा तीन दिनका लागि बिदा दिएको जारी सूचनामा उल्लेख छ ।

यसअघि जिल्लाको डाक्नेश्वरी नगरपालिकाका र राजगढ गाउँपालिकाले पालिकाअन्तर्गतका सबै निजी तथा सामुदायिक विद्यालयमा पाँच दिनका लागि बिदा दिइसकेको छ । ती दुवै पालिकाले पुस १८ गते शुक्रबारसम्म पाँच दिनको बिदा दिएको छ । साथै बोदेवरसाइन नगरपालिकाले पनि जाडो बिदा दिएर त्यहाँका सबै बिद्यालय बन्द गराइएको थियो । बढ्दो चिसोलाई कारण देखाउँदै पुस ९ देखि १३ गतेसम्म्म विद्यालय बन्द गरेको थियो ।

सप्तरीमा शीतलहरले जनजीवन प्रभावित बन्दै गएको छ । बिहान बेलुका हुस्सु लाग्ने र दिउँसो चिसो हावा चल्ने गरेका कारण बालबालिका, वृद्ध, पशु चौपायासमेत प्रभावित भएका छन् । अहिले चिसोका कारण विभिन्न अस्पतालमा बिरामीको चाप बढेको छ । राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दैनिक बिरामी आउने क्रम बढेको जनाइएको छ । खासगरी रुघाखोकी, ज्वरो तथा दमका बिरामी यहाँ उपचारका लागि आउने गरेका अस्पताल प्रशासनले जनाएको छ । जिल्लाको अन्य स्वास्थ्यचौकीमा बिरामीको चाप बढेको छ । ***(रासस)***

# दुई मोटरेबल पक्की पुल निर्माणको काम पाँच वर्षदेखि अलपत्र

गोदावरी (कैलाली), १५ पुस । कैलालीको गौरीगङ्गा नगरपालिकामा निर्माणाधीन दुईवटा मोटरेबल पक्की पुल निर्माणको काम पाँच वर्षदेखि अलपत्र परेको छ । सुदूरपश्चिम प्रदेश सरकारको बजेटमा निर्माण सुरु गरिएका दुई पुल ठेकेदार कम्पनीको लापरबाहीका कारण पाँच वर्षदेखि अलपत्र परेका हुन् । गौरीगङ्गा-५ र ८ बालुवाटार जोड्ने कटैनी खोला तथा वडा नम्बर १ र २ जोड्ने चौमाला खोलामा निर्माणाधीन दुईवटा मोटरेबल पक्की पुलको काम अलपत्र परेको हो ।

विसं २०७७ असार ३१ गते पूर्वाधार विकास कार्यालयले वाइपी कन्स्ट्रक्सन काठमाडौँसँग तीन वर्षमा सम्पन्न गर्ने गरी दुई मोटरेबल पक्की पुल निर्माणका लागि सम्झौता गरेको थियो । कटैनी खोलाको पुलका लागि रु. पाँच करोड २८ लाख र चौमाला खोलाको पुल निर्माणका लागि रु. सात करोड २३ लाख ८० हजारको लागतमा सम्झौता गरिएको थियो ।

ठेकेदार कम्पनीले हालसम्म कटैनी पुलका लागि रु. तीन करोड ८४ लाख र चौमाला पुलका लागि रु. दुई करोड ५९ लाख भुक्तानी लिइसकेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । तीन वर्षमा सम्पन्न गर्नुपर्ने भए पनि पाँच वर्ष बितिसक्दा पनि पुल निर्माणको काम अघि बढ्न नसेपछि ठेकेदार कम्पनीले म्याद थप्दै आएको जनाइएको छ ।

पूर्वाधार विकास कार्यालयका इन्जिनियर सूर्यप्रकाश जोशीका अनुसार कटैनी खोलाको पुलका लागि २०८२ साल मङ्सिरसम्म र चौमाला पुलका लागि २०८३ साल असारसम्म म्याद थपिएको भए पनि हालसम्म निर्माण कार्यले गति लिन सकेको छैन् । चौमाला खोलामा निर्माणाधीन पुलको समयावधि बाँकी रहेको भए पनि कटैनी खोलाको पुलको समयावधि मङ्सिरमा समाप्त भएपछि ठेकेदार कम्पनीले पुनः म्याद थपका लागि पूर्वाधार विकास कार्यालयमा निवेदन दिएको जोशीको भनाइ छ ।

पुल निर्माण नहुँदा वर्षायाममा खोला तर्न स्थानीयवासीले समस्या झेल्दै आउनु परेको स्थानीय सँगर थापाले बताउनुभयो । खोलामा पानी बढेपछि स्थानीयले काठको अस्थायी पुल बनाएर जोखिम मोलेर यात्रा गर्नुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ ।

उक्त दुई पुल नबन्दा वर्षायाममा तीन किलोमिटर वैकल्पिक बाटो प्रयोग गरेर नगरपालिका पुग्नुपर्ने सेवाग्राहीको बाध्यता रहेको थापाले बताउनुभयो । ***(रासस)***

। सम्पादकीय ।

# विदेशी चलखेल बढ्नु राम्रो सङ्केत हुँदै होइन

राजनीतिक उत्पात् मच्चाएर, उच्छृङ्खल र अराजनीतिक गतिविधि गरेर देशलाई असफल पार्ने प्रयासमा विदेशीहरूको चलखेल बढेकोमा शङ्का छैन । देशमा बढिरहेको विदेशी चलखेलले देशभक्त राजनीतिज्ञ, राजनीतिक विश्लेषक र बुद्धिजीवीहरू मात्र होइन जनता पनि चिन्तित हुन थालेका छन् । देशमा विदेशी चलखेल गर्न र गराउन पूर्वाधार तयार गर्ने दलका नेताहरू र उक्त पूर्वाधारभित्र रहेर चलखेल गर्ने तत्त्वहरूदेखि राजनीतिक दल, नागरिक समाज र जनता सचेत हुनु जरुरी छ । हिजो अराजनीतिक र उच्छृङ्खल गतिविधिमा सरिक भएका तत्त्वहरूदेखि सावधान रहँदै अबको निर्वाचनमा त्यस्ता देशविरोधी र जनविरोधी पात्रहरू सबैलाई एक एक गरी हराउनुपर्छ । नेपाली जनता समयमै सचेत नभएमा, विगतबाट शिक्षा नलिएमा यस्ता घटनाहरू बारम्बार दोहोरिनेछन्; देशलाई असफल बनाउने तत्त्वहरू फेरि सक्रिय हुन बेर लाग्दैन ।

विदेशी चलखेल बढ्नु राम्रो सङ्केत हुँदै होइन । विदेशी चलखेलप्रति शासकहरू गम्भीर नहुनु देशको लागि अर्को खतरा हो । विदेशी घुसपैठ भएको आन्दोलनलाई सरकारले नियन्त्रण गर्न नसक्नु या त्यस्तो आन्दोलनको सूचना थाहा नपाउनु सरकारको अर्को कमजोरी रह्यो । देशमा लामो समयसम्म शासन चलाउने, सबभन्दा शक्तिशाली पार्टीको नेतृत्वमा रहेको सरकारको पालामा हालसम्मकै सबभन्दा बढी विध्वंस भए पनि सरकार मूकदर्शक भएर बस्नु के शासकहरूको दुर्भाग्य होइन ? विदेशी चलखेल संसद्को आउने निर्वाचनको बेलामा पनि हुनसक्नेतर्फ देशभक्त राजनीतिक दलहरू अझ गम्भीर हुनुपर्ने अवस्था छ । कति नयाँ दलका नेताहरू र जेन-जी समूहका कति अगुवाहरू विदेशी संस्था र सहयोगबाट चलेको प्रकाशमा आइरहेको खबरले पनि नेपाली जनतालाई चिन्तित बनाएको छ ।

नागरिकता विधेयक पारित गरेर विदेशीलाई पनि वंशजको आधारमा नेपाली नागरिकता लिन पाउने व्यवस्था गरेर विदेशीहरूलाई नेपालमा भित्र्याउने या नेपाली नागरिक बनाउने बाटो खुलाउने विगतको काम सरकारले गऱ्यो । त्यस्तै विकास र आर्थिक सहयोगको नाउँमा अमेरिकी कम्पनीमार्फत एमसीसी सम्झौता गराएर नेपालमा अमेरिकी गुप्तचर खेलाउने काममा विगतको सरकारले टेवा पुऱ्यायो । धर्म प्रचारको नाउँमा तिब्बतीहरूले खेल्न पाउने या देशविरोधी राजनीतिक गतिविधि गरे पनि सरकार मौन रह्यो । बेलाबखत अमेरिकी सेना पस्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई खुला भित्र्याउने या छोड्ने सरकारको कार्यशैलीले पनि देशमा एकपछि अर्को विदेशी चलखेल बढेकोमा शङ्का छैन । यी सबै गतिविधिको कारण देश जल्यो; देशको ठुलो धनसम्पत्ति खरानी भयो ।

आर्थिक सहयोग र विकास योजना दिने भनेपछि जस्तोसुकै सन्धि सम्झौतामा पनि आँखा चिम्लेर सही गर्ने, समर्थन गर्ने, गुणगान गर्ने कार्यले देशमा उच्छृङ्खल काम बढ्यो । अमेरिकी सेना देशमा छिरे काठमाडौँ कताइदिए हुन्छ, चारपाता मोडे हुन्छ भनी गर्जने नेताहरू विदेशी घुसपैठको आन्दोलन हुँदा लुकेर बस्नुपऱ्यो; तिनीहरूकै आवास जलाइयो । यी घटनाक्रमले देशका शासकहरू विदेशी आर्थिक सहयोग र विकासको लोभमा फस्नु हुँदैन; सहयोग पाउँदैमा देशघाती सन्धि सम्झौतामा सही गर्नुहुँदैन भन्ने कुरा देखायो । देशमा पछि हुने दूरगामी असरलाई ध्यान दिएरै नेमकिपाले एमसीसी सम्झौता र नागरिकता विधेयकको विरोध गरेको थियो; एमसीसी सम्झौता पारित नगराउन भक्तपुरदेखि काठमाडौँसम्म जुलुस र विरोध प्रदर्शनमात्र होइन संसद् भवनलाई लगातार घेराउ गरेको थियो; देशको दर्जनौँ जिल्लामा विरोध प्रदर्शन गरेको थियो । नागरिकता विधेयकको विरोधमा पनि सडक र सदनमा नेमकिपाले लगातार विरोध प्रदर्शन गरेको थियो; नेमकिपाका सांसदहरूले सदनभित्र नाराबाजी गरेका थिए । नेमकिपाले समयमै गरेको त्यो खबरदारीलाई सरकारको नेतृत्व गर्ने दलका नेता र प्रधानमन्त्रीहरूले वास्ता नगर्दाको परिणाम भदौ २३ र २४ गतेको आन्दोलन भयो र बलिया दलका शासकहरू लुक्न बाध्य भए ।

देशमा विदेशीहरू पसेपछि, विदेशीको इसारामा चल्ने दलालहरू घुसेपछि र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई खुलमखुला छोडेपछि उनीहरूले देशको राजनीतिमात्र बुझ्ने अवसर पाउने होइनन्; देशको आन्तरिक कलह या अन्तर्द्वन्द्व मात्र थाहा पाउने होइनन्; यहाँका मान्छेलाई पैसा बाँडेर, लोभमा फसाएर तोडफोड र आगजनी गर्ने पेशेवरहरूसमेत तयार गरेको कुरा जेन-जी आन्दोलनले पुष्टि गरिसकेको आभास हुन्छ । कहाँ कहाँ, कसरी आगजनी गर्ने भन्ने तालिम नलिएका भए, पूर्वयोजना नभएका भए देशभरिको सम्पदा एकै समयमा एकै पटक जल्दैनथ्यो; खरानी हुँदैनथ्यो; आगो चाँडै फैलिन्नथ्यो । नेमकिपाले सदन र सडकमार्फत देशलाई आत्मनिर्भर बनाउन, सन्तुलित विकास गर्न, भ्रष्टाचारीहरूमाथि कारबाही गर्न, राजनीति इमानदारी र निःस्वार्थपूर्वक गर्न, झूटको राजनीति नगर्न, सिद्धान्त र विचारको राजनीति गर्न, परिवर्तनको निम्ति बहुमत जनतालाई सैद्धान्तिक, वैचारिक र सांस्कृतिक रूपमा सचेत र सङ्गठित गर्नुपर्ने आवश्यकताबारे सरकारलाई त्यसै ध्यानाकर्षण गरेको होइन; त्यसै समाजवादी सिद्धान्तबारे जनतालाई सुसूचित पार्दै आएको होइन ।

# अन्तरविरोधबारे : माओ त्सेतुङ

विश्व सर्वहारा वर्गका महान् गुरु माओ त्से-तुङ एक दार्शनिक पनि हुनुहुन्थ्यो । उहाँले अनेक दार्शनिक रचना लेख्नुभएको छ । "अन्तरविरोधबारे" नामक दार्शनिक निबन्ध उहाँले सन् १९३७ को अगस्त महिनामा लेख्नुभएको थियो । यो निबन्ध उहाँको बहुचर्चित पुस्तक "पाँच दार्शनिक रचना" मा सङ्कलित छ ।

मार्क्सवादको दर्शनलाई द्वन्द्वात्मक भौतिकवाद भनिन्छ । "अन्तरविरोधबारे" निबन्धमा माओले यही द्वन्द्ववादको आधारभूत नियम "विपरीतहरूको एकता" बारे विस्तृत विश्लेषण गर्नुभएको छ । यो निबन्ध चिनियाँ कम्युनिस्ट पार्टीभित्र रहेको जडसुत्रवादी (dogmatist) सोचलाई हटाउने उद्देश्यले लेखिएको थियो । निबन्धको मूल तर्क यसप्रकार छ - प्रकृति, समाज र मानवीय विचारलगायत सबै वस्तु र प्रक्रियाको विकास अन्तरविरोधबाटै हुन्छ । जीवन, जगत र विचारहरूको आन्तरिक र मूल कारक हो - अन्तरविरोध ।

विश्वमा अनेकथरी दर्शन छन् । तर, संसारका सबै दर्शनलाई मुख्यतया दुई विरोधी विश्वदृष्टिकोणमा वर्गीकरण गर्न सकिन्छ - अधिभौतिक/आध्यात्मिक (metaphysical) र द्वन्द्वात्मक (dialectical) । माओले आफ्नो निबन्ध यिनै दुई विश्व दृष्टिकोणको भिन्नता प्रस्ट्याउँदै सुरु गर्नुहुन्छ । अधिभौतिक दृष्टिकोणले वस्तुहरूलाई स्थिर, पृथक र बाह्य शक्तिले मात्र परिवर्तन गर्न सक्ने मान्छ । यसको विपरीत द्वन्द्वात्मक दृष्टिकोणले विकासलाई वस्तुहरूको आन्तरिक अन्तरविरोधबाट उत्पन्न हुने स्वयम् गतिमान प्रक्रियाको रूपमा हेर्छ । निबन्धले अन्तरविरोधका विभिन्न पक्षको विस्तृत व्याख्या गर्छ । यसमा सामान्य/सार्वभौमिकता (universality), विशिष्टता (particularity), प्रमुख अन्तरविरोध (principal contradiction) र मुख्य पक्ष (principal aspect), अन्तरविरोधका पक्षको पहिचान (identity) र सङ्घर्ष (struggle), र विरोधिता (antagonism) हरू पर्छन् । माओको विश्लेषणअनुसार क्रान्तिकारी अभ्यासलाई सही बाटो देखाउन र ठोस परिस्थितिको ठोस विश्लेषण गर्न यी अवधारणा बुझ्नु अपरिहार्य छ ।

**दार्शनिक आधार: दुई विश्व दृष्टिकोण**

मानव ज्ञानको इतिहासमा ब्रह्माण्डको विकासको नियमबारे दुई मुख्य धारणा पाइन्छन् । एक, अधिभौतिक धारणा । दोस्रो, द्वन्द्वात्मक धारणा । यी धारणाले दुई विरोधी विश्व दृष्टिकोण निर्माण गर्छन् ।

**एक, अधिभौतिक दृष्टिकोण**

अधिभौतिक भनौँ वा सामान्य विकासवादी विश्व दृष्टिकोण, यसले वस्तुहरूलाई पृथक, स्थिर र एकपक्षीय रूपमा हेर्छ । यसले ब्रह्माण्डका सबै वस्तु, तिनका रूप र उपरूपहरू एकअर्काबाट पृथक र अपरिवर्तनीय छन् भन्छ ।

- परिवर्तनको धारणा:परिवर्तनलाई केवल मात्रात्मक वृद्धि वा कमी, वा स्थान परिवर्तनको रूपमा मात्र स्वीकारिन्छ ।
- कारणको स्रोत:परिवर्तनको कारण वस्तुभित्र नभई बाहिर खोजिन्छ । अर्थात्, हरेक कुराको प्रेरक शक्ति बाह्य हुन्छ । यसले वस्तुहरूको गुणात्मक विविधता वा एउटा गुण अर्कोमा रूपान्तरित किन हुन्छ भन्ने कुरा व्याख्या गर्न सक्दैन ।
- ऐतिहासिक उदाहरण:"स्वर्ग परिवर्तन हुँदैन, त्यसैगरी ताओ पनि परिवर्तन हुँदैन" भन्ने चिनियाँ भनाइले यही सोचलाई प्रतिनिधित्व गर्छ । चीनको पतनोन्मुख सामन्ती शासक वर्गले लामो समयसम्म यही सोचलाई समर्थन गऱ्यो । युरोपमा पनि यो सोच देखापऱ्यो । सुरुमा १७ औँ र १८ औँ शताब्दीमा यान्त्रिक भौतिकवादको रूपमा यो सोच देखापऱ्यो । १९ औँ शताब्दीको अन्त्य र २०औँ शताब्दीको सुरुमा सामान्य विकासवादको रूपमा यो विचार पुनः प्रकट भयो ।

**दुई, द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण**


अधिभौतिक दृष्टिकोणभन्दा ठिक विपरीत छ द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोण । यसले कुनै वस्तुको विकास बुझ्नका लागि त्यसलाई आन्तरिक रूपमा र अन्य वस्तुहरूसँग त्यसको सम्बन्धमा अध्ययन गर्नुपर्छ भन्छ ।

- विकासको आधारभूत कारण:वस्तुको विकासको आधारभूत कारण बाह्य नभई आन्तरिक हुन्छ । यो वस्तुभित्र हुने अन्तरविरोधमा निहित हुन्छ । प्रत्येक वस्तुमा आन्तरिक अन्तरविरोध हुन्छ ।जसले गर्दा त्यसको गति र विकास सम्भव हुन्छ ।
- आन्तरिक र बाह्य कारणहरू:आन्तरिक कारणहरू परिवर्तनका आधार हुन् भने बाह्य कारणहरू परिवर्तनका शर्त हुन् । बाह्य कारणहरू आन्तरिक कारणहरूमार्फत क्रियाशील हुन्छन् । उदाहरणका लागि, उपयुक्त तापक्रममा अण्डा कुखुराको चल्लामा परिणत हुन्छ । तर, कुनै पनि तापक्रमले ढुङ्गालाई चल्लामा










परिणत गर्न सक्दैन । किन ? किनभने, दुवैको आधार फरक हुन्छ ।

- सामाजिक परिवर्तन:सामाजिक परिवर्तन मुख्यतया बाह्य कारणहरू (जस्तै भूगोल वा जलवायु) बाट नभई समाजभित्रका आन्तरिक अन्तरविरोधहरूका उपज हुन् । उत्पादक शक्ति र उत्पादन सम्बन्धबिचको अन्तरविरोध, वर्गहरूबिचको अन्तरविरोध, तथा पुरानो र नयाँबिचको अन्तरविरोधले ल्याउने सामाजिक विकासबाट सामाजिक परिवर्तनको जन्म हुन्छ ।

**अन्तरविरोधको नियमका आधारभूत पक्षहरू**

"अन्तरविरोधबारे" निबन्धमा अन्तरविरोधको नियमका विभिन्न पक्षको विस्तृत विश्लेषण गरिएको छ । यी पक्षहरूलाई बुझ्नु द्वन्द्ववादलाई पूर्ण रूपमा बुझ्नको लागि अति आवश्यक छ ।

**१.अन्तरविरोधको सार्वभौमिकता र निरपेक्षता**

अन्तरविरोधका सार्वभौमिकता वा निरपेक्षता गरी दुई अर्थ छन् :

एक, सर्वव्यापी अस्तित्व-अन्तरविरोध सबै वस्तुको विकास प्रक्रियाभित्र अवस्थित छ । कुनै पनि यस्तो चीज छैन जसमा अन्तरविरोध नहोस् । अन्तरविरोधबिना केही पनि अस्तित्वमा रहँदैन । दुई, निरन्तर प्रक्रिया-प्रत्येक वस्तुको विकास प्रक्रियामा सुरुदेखि अन्त्यसम्म विपरीत पक्षहरूबिच अन्तरक्रिया चलिरहन्छ ।

लेनिनले "विपरीतहरूको एकता" को नियमलाई "प्रकृतिका सबै घटना र प्रक्रियामा (चाहे त्यो मन होस् वा समाज) विरोधाभासी र विपरीत प्रवृत्तिहरूको खोज" भनेर परिभाषित गर्नुभएको छ । यो नियम विभिन्न क्षेत्रमा लागु गर्न सकिन्छ । जस्तो, गणित (+ र -), मेकानिक्स (क्रिया र प्रतिक्रिया), भौतिकशास्त्र (सकारात्मक र नकारात्मक बिजुली), रसायनशास्त्र (परमाणुहरूको संयोजन र विघटन) र समाज विज्ञान (वर्ग सङ्घर्ष) मा "विपरीतहरूको एकता" को नियम लागु हुन्छ ।

**२. अन्तरविरोधको विशिष्टता र सापेक्षता**

सार्वभौमिकतालाई बुझेपछि अन्तरविरोधको विशिष्टतालाई बुझ्नु क्रान्तिकारी गतिविधिलाई बाटो देखाउन सबैभन्दा महत्त्वपूर्ण हुन आउँछ ।

क.प्रत्येक गतिको विशिष्टता:पदार्थको प्रत्येक गतिमा यसको आफ्नै विशिष्ट अन्तरविरोध हुन्छ । जसले एउटा वस्तुलाई अर्कोबाट छुट्याउने विशिष्ट सार निर्माण गर्छ ।

ख. गुणात्मक रूपमा भिन्न विधिहरू:गुणात्मक रूपमा भिन्न अन्तरविरोधलाई गुणात्मक रूपमा भिन्नभिन्न विधिबाट मात्र समाधान गर्न सकिन्छ । केही उदाहरण हेरौँ :

– सर्वहारा र पुँजीपति वर्गबिचको अन्तरविरोध: समाजवादी क्रान्तिको विधि ।
– उपनिवेश र साम्राज्यवादबिचको अन्तरविरोध: राष्ट्रिय क्रान्तिकारी युद्धको विधि ।
– कम्युनिस्ट पार्टीभित्रको अन्तरविरोध: आलोचना र आत्मालोचनाको विधि ।

ग. ज्ञानको प्रक्रिया:ज्ञानको प्रक्रिया सधैँ व्यक्तिगत र विशेष चीजको ज्ञानबाट सामान्य चीजको ज्ञानतर्फ अघि बढ्छ (विशेषबाट सामान्य) । त्यसपछि, त्यो सामान्य ज्ञानलाई नयाँ विशेष चीजको अध्ययनमा प्रयोग गरिन्छ (सामान्यबाट विशेष) । जडसुत्रवादीहरूले यो प्रक्रियालाई बेवास्ता गर्छन् र सामान्य सत्यलाई अमूर्त सूत्रमा परिणत गर्छन् ।

घ. ठोस विश्लेषणको आवश्यकता : कुनै पनि समस्याको अध्ययन गर्दा आत्मपरकता, एकपक्षीयता र सतहीपनबाट बच्नुपर्छ । लेनिनको शब्दमा भन्ने हो भने मार्क्सवादको मर्म "ठोस परिस्थितिको ठोस विश्लेषण" हो ।

**अन्तरविरोधको विश्लेषणका लागि विधि**

अन्तरविरोधहरूलाई ठोस रूपमा बुझ्न र तिनको समाधान निकाल्न केही विधिहरूको आवश्यकता पर्छ । यसमा प्रमुख अन्तरविरोध र प्रमुख पक्षको पहिचान तथा पहिचान एवम् सङ्घर्षको द्वन्द्वात्मक सम्बन्धको अध्ययन पर्छ ।

**१.प्रमुख अन्तरविरोध र प्रमुख पक्ष पहिल्याउनु**

कुनै पनि जटिल प्रक्रियाको विकासमा धेरै अन्तरविरोधहरूले भूमिका खेलेका हुन्छन् । तर, तीमध्ये एउटा प्रमुख अन्तरविरोध हुनैपर्छ । त्यसको अस्तित्व र विकासले अन्य अन्तरविरोधहरूको अस्तित्व र विकासलाई निर्धारित वा प्रभावित गर्छ ।

*बाँकी पृष्ठ ७ मा*

# अध्यक्ष माओ र माओ त्सेतुङ विचारधाराको मूल्याङ्कन कसरी गर्ने ? – २

✍ ह्वाङ केचेङ

*(यस लेखका लेखक ह्वाङ केचेङ १९०३ मा जन्मनुभएको थियो र १९२५ मा क्रान्तिमा सामेल हुनुभएको थियो । १९५० पछिका वर्षहरूमा उहाँ चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको सचिवमण्डलको एक सदस्य, राष्ट्रिय रक्षा विभागको उपमन्त्री र चिनियाँ जनमुक्ति सेनाको मुख्य कार्यालय (जनरल स्टाफ) को प्रमुख हुनुहुन्थ्यो । पछि उहाँ चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको मातहतको अनुशासन जाँचबुझ केन्द्रीय आयोगको दैनिक कार्यको कार्यसचिव पनि हुनुभयो ।)*



**नेतृत्वबाट अध्यक्ष माओको निकालाबाट क्रान्तिलाई धेरै नोक्सानी**

'घेराबन्दी गर्ने र दमन गर्ने' तेस्रो अभियानलाई चकनाचुर गरिसकेपछि १९३१ को सेप्टेम्बर १८ को घटना घट्यो । *(१९३१ सेप्टेम्बर १८ को दिन जापानी आक्रमणकारीहरूले शेनयाङमाथि हमला गरे । यसभन्दा अघि च्याङ काई शेकका आक्रमणकारीहरूको प्रतिरोध गर्नुको सट्टा कम्युनिस्ट पार्टीमाथि दमन चर्काउने प्रयासले गर्दा उत्तर-पूर्वी चीनको पूरा भूभाग जापानीहरूले कब्जा गरिसकेका थिए ।)* साङघाईका अधिकांश कामरेडहरू साङ्घाइबाट केन्द्रीय सोभियत क्षेत्रतिर लाग्नुभयो र सम्पूर्ण क्षेत्रको सङ्घर्षलाई निर्देशन गर्न एक केन्द्रीय व्युरोको निर्माण भयो । अनि स्थिति एकदम राम्रो भयो । प्रथमत: शत्रुहरूको 'घेरेर दबाउने' तेस्रो अभियानमाथिको विजयपछि अध्यक्ष माओले लालसेनाको मुख्य शक्तिलाई आधार इलाकालाई सुदृढ पार्ने दिशातर्फ ध्यान पुऱ्याउनुभयो र दुई र तीन महिनाको छोटो अवधिमै त्यहाँस्थित शत्रुका किल्लाहरूको थुप्रोलाई उखेली दिनुभयो । दोस्रो, १९३२ जनवरी २८ मा साङ्घाइमा युद्ध छेडिनाले च्याङ काई शेकलाई एक अप्ठ्यारो स्थितिमा पुऱ्याइदियो । *(१९३२, जनवरी १८ को दिन कमान्डर काई चिङ काईको मातहतमा रहेको कोमिन्ताङको उन्नाइसौँ मार्ग सेनाले वीरतापूर्वक जापानी आक्रणकारीहरूको विरुद्ध बन्दुक उठायो ।)* एकातिर उसले जापानीहरू र अर्कोतिर आन्तरिक गुटहरूसँग भिड्नुपर्ने भयो । दुर्भाग्यवश, त्यस्तो विकट स्थितिमा हाम्रो पार्टीभित्र फेरि मतभिन्नताहरू देखापरे । स्थितिलाई ध्यानमा राखेर अध्यक्ष माओले एक रणनीतिलाई अगाडि राख्नुभयो, युद्ध छेक्न लालसेनाको एक डफ्फा सोभियत क्षेत्रमा बसिरहनुपर्दछ जबकि जापानी आक्रमणकारीहरूको विरुद्धमा कोमिन्ताङको उन्नाइसौँ मार्ग सेनालाई समर्थन गर्ने नारा लिएर लालसेनाको मुख्य शक्तिले उत्तर-पूर्वी च्याङशीमा रहेको लालसेनासँग सम्पर्क स्थापित गर्नुपर्दछ र फुच्यान-चेच्याङ-च्याङशी आधार इलाकाको विकास गर्नुपर्दछ । अध्यक्ष माओको यस सही ठम्याइलाई साङ्घाइमा रहेको अस्थाई केन्द्रीय समिति र केन्द्रीय व्युरो दुवैका कामरेडहरूले अस्वीकार गर्नुभयो । वाङ मिङको 'वामपन्थी' नीतिको दबदबाले गर्दा अध्यक्ष माओ पार्टी नेतृत्वबाट पुन: निकालिनुभयो । यद्यपि, उहाँका सैनिक धारणा र लडाइँका नीतिहरूले लालसेनाभित्र ठूलो प्रभाव पारिसकेको थियो । चाओ एनलाई र चु तेहको मातहतमा शत्रुको 'घेराबन्दी गर्ने र दमन गर्ने' चौथो अभियान पनि ध्वस्त पारियो । १९३३ मा अस्थायी केन्द्रीय समितिको सचिवको रूपमा पो कू पनि कम्युनिस्ट अन्तर्राष्ट्रियबाट लालसेनालाई निर्देशन दिन पठाइएका अटो ब्राउनका साथमा केन्द्रीय सोभियत क्षेत्रमा आउनुभयो । यो बेलादेखि नै लालसेनामा वाङ मिङको 'वामपन्थी' अवसरवादी नीतिको दबदबा बढ्दै गएको थियो । अध्यक्ष माओका सैनिक कमान्डका नीति निर्देशन र सिद्धान्तहरू पूरै नमान्नाले समस्त केन्द्रीय सोभियत क्षेत्र नै शत्रुको हातमा पऱ्यो । केन्द्रीय लालसेना लामो हिँडाइमा हिँड्न बाध्य भयो । लामो हिँडाइ थालिँदा ८०,००० भन्दा बढी मानिसहरू थिए । धापिला तृणभूमिहरू नाघिसकेपछि अत्यधिक कठिनाइ र बाटाभरिको युद्धले गर्दा एकचौथाइ मानिसहरूमात्रै बाँकी थिए । केन्द्रीय सोभियत क्षेत्रमा बसिरहेका सैनिकहरूले पनि ठूलो कष्ट भोग्नुपऱ्यो । अन्तमा चेन यी र स्याङ यिङद्वारा नेतृत्व गरिएको दलहरूमा साह्रै थोरै मानिसहरूमात्र बाँकी रहे । यसबाट अध्यक्ष माओको नेतृत्वमा कसरी हामीले सोभियत क्षेत्रको निर्माण र विकास गऱ्यौँ र उहाँको नेतृत्व नहुनाले कसरी क्रान्तिले ठुल-ठुला क्षतिहरू व्यहोर्नुपऱ्यो भन्ने कुरा थाहा हुन्छ ।

**सङ्कटबाट क्रान्तिको रक्षा**

लामो हिँडाइको सुरुवात १९३४ अक्टोबरमा भयो । क्वाङ्शीको युद्धको बेला लालसेनाले धेरै क्षति भोग्नुपऱ्यो । अध्यक्ष माओले केन्द्रीय समितिका कामरेडहरूलाई पार्टीको नेतृत्व र सैनिक नीतिहरूका सम्बन्धमा विचार गरिनुपर्ने प्रस्तावहरू राख्नुभयो । जनवरी १९३५ मा क्वी चाऊ प्रान्तको चुनईमा केन्द्रीय समितिको राजनैतिक व्युरोको पूर्ण अधिवेशन बस्यो र उहाँ केन्द्रीय समितिको नेतृत्वदायी पदमा स्थापित हुनुभयो । तर (लो फू को नामले प्रसिद्ध) चाङ वेनशियानले पार्टी महासचिवको पद सम्हाल्नुभयो । त्यस अधिवेशनले गलत रणनीतिलाई आलोचना गऱ्यो तर गलत राजनैतिक विचारलाई भने आलोचना गरेन । त्यसबेला त्यतिले पुगेको जस्तो मलाई लाग्दैनथ्यो । तर, ६ महिनापश्चात् मैले बुझेँ कि चुनईमा भएका कुराहरू एकताको निम्ति फाइदानजनक थिए । मैले महसुस गरेँ, म गलत थिएँ । त्यसबेला पो कू लाई पार्टी महासचिवबाट र लालसेनापतिबाट ब्राउनलाई हटाइएको थियो । पार्टी राजनैतिक समितिका अरू नेताहरू आ-आफ्ना नेतृत्वदायी पदहरूमा कायमै रहनुभयो, पो कू स्वयं पनि ब्युरोमा सम्मिलित थिए । चाङ को- ताओसितको चर्को सङ्घर्ष हुँदा नै मैले अध्यक्ष माओको नीति निर्णयको सत्यताको समझदारी प्राप्त गरेँ । चुनई सम्मेलनमा राजनैतिक नीतिको विषयमा कुरा उठाइएको भए थुप्रै कामरेडहरूको आलोचना हुन्थ्यो र यसले क्रान्तिकारी उद्देश्यलाई नोक्सान गर्ने थियो । अझ त्यसभन्दा बढी लालसेनाको स्थिति अनिश्चित भएको र सशस्त्र सङ्घर्ष नै प्रमुख समस्या भइरहेको त्यस घडीमा यसले क्रान्तिमाथि प्रत्यक्ष प्रभाव पर्दथ्यो । अध्यक्ष माओको निर्णयबाट पार्टीले सैनिक कार्यहरूमा आफ्नो ध्यान यही कारणले गर्दा राजनैतिक समितिले युद्ध सरदारपन, भगुवापन र चाङ को ताओको फुट पारुवापन नीतिको विरुद्धमा आफूलाई एकगठ पार्न समर्थ भयो ।

त्यो सङ्घर्ष चिनियाँ क्रान्तिको निम्ति पनि जीवन-मरणको कुरो थियो । उत्तर-पूर्वी सेचुवान प्रान्तको माओकोङमा पहिले र चौथो मोर्चा सेनाहरू भेट्दा चाङको मातहतको चौथो मोर्चा सेनामा ८० हजारभन्दा बढी सैनिक थिए । आफ्नो सङ्ख्यात्मक एवम् सैनिक उत्कृष्टताको बलले चाङ को ताओले केन्द्रीय समितिलाई आफ्नो नीति मान्न बाध्य तुल्याउन खोज्यो । उसले अध्यक्ष माओ, चाङ वेनश्यान, चाओ एन लाई र अरू नेताहरूको हत्यासमेत गर्ने असफल प्रयत्न गरेको थियो । चाङ को ताओको भगुवापनको विरुद्धमा दृढ सङ्घर्ष गरिएको थियो र चाङ को ताओको सिक्याङ ( वर्तमान पश्चिमी सेच्यान र पूर्वी तिब्बत) तिर लाग्ने नीतिको सट्टामा अध्यक्ष माओले पहिलो र तेस्रो मोर्चाका सैनिकहरूलाई उत्तरी शान्शीतिर डोऱ्याउनुभएको थियो । यदि यसो नगरिएको भए लालसेना नराम्रोसित पराजित हुनसक्थ्यो ।

सन् १९३६ को अन्तसम्ममा शियान घटनाको सफलता, शान्तिपूर्ण समाधानले गर्दा जापानी आक्रमणकारीहरूको प्रतिरोध गर्न कम्युनिस्ट पार्टी र कोमिन्ताङमाझ दोस्रो पटक राष्ट्रिय संयुक्त मोर्चाको आधारशीला खडा हुनपुग्यो । कम्युनिस्ट पार्टीसित गृहयुद्ध रोकी जापानी आक्रमणकारीहरूको विरुद्ध लड्ने आफ्नो योजनामा च्याङ काई शेकलाई लगाउन नसकिएपछि कोमिन्ताङका उच्चपदस्थ जेनेरलहरू च्याङ श्युलियाङ र याङ हु चेङले सन् १९३६ डिसेम्बर १२ को दिन च्याङ काई शेकलाई शियानमा बन्दी बनाए । सम्पूर्ण राष्ट्रलाई दिइएको आफ्नो वक्तव्यमा उनीहरूले सङ्घर्षको निमित्त ८ वटा प्रस्तावहरू प्रस्तुत गरे । चिनियाँ कम्युनिस्ट पार्टीले चाओ एन लाई र ये च्यानयिङलाई मध्यस्थताको निम्ति शियान पठायो । यसरी च्याङ काई शेकलाई माथि उल्लेखित सर्तहरू स्वीकार्न लगाइयो । यसरी यो घटनाको शान्तिपूर्ण समाधान भयो । यो अध्यक्ष माओको नेतृत्वमा पार्टी केन्द्रीय समितिद्वारा गरिएको ऐतिहासिक महत्त्वको अत्यन्त बुद्धिमत्तापूर्ण नीति र निर्णय थियो ।

जापानविरोधी प्रतिरोध युद्धमा र कोमिन्ताङसँगको राष्ट्रिय संयुक्त मोर्चाको प्रश्नको सम्बन्धमा पार्टी केन्द्रीय समिति र कम्युनिस्ट अन्तर्राष्ट्रियबिच भिन्नाभिन्नै दृष्टिकोण थियो । हामी 'जे गर्छौँ त्यो सबै संयुक्त मोर्चामार्फत गरौँ' र 'सबै कुरा संयुक्त मोर्चालाई सुम्पौँ' भन्ने धारणा कम्युनिस्ट अन्तर्राष्ट्रियको थियो । अध्यक्ष माओ यसको विरोधमा हुनुहुन्थ्यो । तर उहाँले वाङ मिङलाई आलोचना गर्नुभयो । यसले गर्दा कम्युनिस्ट अन्तर्राष्ट्रियसित ऐक्यबद्धता रहिरह्यो र हाम्रो पार्टीको स्वतन्त्रता र संयुक्त मोर्चामा अगुवाइपन पनि कायमै रह्यो । यहीँ बेला अध्यक्ष माओले पनि कसरी स्वतन्त्र गुरिल्ला युद्ध चलाउने, शत्रुहरूको पछिल्लो क्षेत्रहरूमा कसरी सैनिकहरूलाई पठाउने र कसरी जापानविरोधी आधार क्षेत्रहरूको निर्माण गर्ने भन्नेजस्ता थुप्रै नीतिहरूलाई कार्यान्वयन गर्नुभयो । अध्यक्ष माओको सही निर्देशनले शक्ति र सङ्ख्या दुवैमा हाम्रो पार्टी र सेनाको विकास भयो । सन् १९४१ मा शत्रुको इलाका पछाडि जाने अध्यक्ष माओको निर्देशनलाई स्याङ चिङ तथा अन्य कामरेडहरूले पार्टी केन्द्रीय समितिको जापानी आक्रमणकारीहरूसँग लड्न चाङ च्याङ नदीको उत्तरी किनारामा जाने आग्रहलाई मानेनन् । तिनीहरूले बताइएको मार्गलाई स्वेच्छाले परिवर्तन गरे र यसले गर्दा दक्षिणी आनहुई घटनामा अति नै नराम्रो (दु:खान्त) नोक्सानीहरू व्यहोर्नुपऱ्यो । *(सन् १९४१, जनवरी ४ को दिन चिनियाँ कम्युनिस्ट पार्टीले नेतृत्व गरेको नयाँ चौथो मार्ग सेनाले आदेशानुसार चाङ च्याङ नदीको दक्षिणी मोर्चालाई छोड्यो र उत्तरतिर लम्क्यो । च्याङ काई शेकको गोप्य आदेशबाट करिब ७० हजार कोमिन्ताङ सैनिकहरूले तिनीहरूलाई जनवरी ७ का दिन दक्षिणी आनहुईको माओलिन जिल्लामा घेरा पारे । नयाँ चौथो मार्ग सेनाका जवानहरू ७ दिन ७ रातसम्म रसद पानी नसकिउञ्जेल बहादुरीपूर्वक लडे । कमान्डर ये तिङ समातिए र उप-कमान्डर स्यान यिङ मारिए । यो कोमिन्ताङले रचेको दोस्रो कम्युनिस्टविरोधी व्युहरचना थियो ।)* तर, अर्कोतिर १९३८ को अप्रिल र मेमा चेन यीले अध्यक्ष माओको निर्देशानुसार काम गर्नुभयो र त्यो चौथो मार्ग सेनाको एक अंशलाई पूर्वतिर चाङ च्याङ नदीको दक्षिणपट्टि शत्रु अधिकृत क्षेत्रतिर लैजानुभयो । उहाँको सेनाले त्यो नदी तऱ्यो र उत्तरतिर लम्क्यो । तिनीहरूले धेरै विकास गरे ।

जापानविरोधी प्रतिरोध युद्ध सकिएपछि स्तालिनले हाम्रो पार्टीलाई आफ्ना सैनिकहरू राष्ट्रिय सुरक्षा सेनामा गाँस्न र पार्टीलाई 'वैधानिक' स्थितिमा बदल्न, कोमिन्ताङसित संयुक्त सरकार बनाउन सल्लाह दिनुभयो । अध्यक्ष माओ कोमिन्ताङसित वार्ता गर्न चुङकिङ पुग्नुभयो तर जस्तालाई तस्तै गर्ने नीति उहाँमा सुरक्षित थियो र एउटा बन्दुक पनि नसुम्पने नीति लिनुभयो । १९४६ र १९४९ को बिचमा अध्यक्ष माओले सही रणनीति र कार्यनीतिबाट मुक्ति सङ्ग्रामलाई नेतृत्व गर्नुभयो । उहाँले व्यक्तिगत रूपले सबै प्रमुख निर्णायक युद्धहरूमा निर्देशन दिनुभयो । चार वर्षभन्दा कम अवधिमा ८० लाखभन्दा बढी कोमिन्ताङ सैनिकहरू चकनाचुर पारियो । मुख्य भूमि मुक्त पारियो र जनवादी गणतन्त्र चीनको स्थापना भयो ।

मुक्तिपछिका प्रारम्भिक दिनहरूमा अध्यक्ष माओको नेतृत्वमा हाम्रो पार्टीले भूमिसुधार आन्दोलन, अमेरिकी अतिक्रमणको प्रतिरोध अभियान र कोरियालाई सहायता, कृषि, हस्तकला र पुँजीवादी उद्योग र व्यापारलाई समाजवादी रूपान्तरण तथा समाजवादी क्रान्ति एवम् निर्माणसम्बन्धी निर्णयहरू लिए । यी निर्णयहरू सही र बुद्धिमत्तापूर्ण थिए भन्ने कुरा तथ्यले साबित गरेको छ ।

अध्यक्ष माओले मैले उल्लेख गरेको भन्दा बढी योगदानहरू चिनियाँ क्रान्तिको लागि गर्नुभएको छ । मैले त केवल ऐतिहासिकरूपले तेङ शियाओ फिङले भन्नुभएजस्तै, "अध्यक्ष माओविना हामी चिनियाँ जनताले केही नभए पनि धेरै लामो समयसम्म अँध्यारोमा छामछाम छुमछुम गरिरहनुपर्थ्यो" भनेर साबित गर्नमात्र खोजेको हुँ र यो कोरा नभई स्पष्ट र वैज्ञानिक ऐतिहासिक तथ्य पनि हो । यो भन्नुको मतलब हामीले अध्यक्ष माओलाई मुक्तिदाता मान्दै आकाशमा उडाइरहेका होइनौँ अथवा चिनियाँ क्रान्तिमा अन्य कामरेडहरूका गुणहरू तथा योगदानहरूलाई उपेक्षा गरिरहेका होइनौँ । हाम्रो पार्टी र राष्ट्रको प्रमुख संस्थापकको रूपमा अध्यक्ष माओले क्रान्तिलाई धेरैपल्ट सङ्कटबाट जोगाउनुभएको छ । यसमा पार्टीभित्र कसैलाई पनि उहाँको समकक्ष राख्न सकिन्न ।

**अध्यक्ष माओको सही मूल्याङ्कन**

आफ्नो पछिल्ला वर्षहरूमा अध्यक्ष माओसँग कमी एवम् त्रुटिहरू पनि थिए र यसमध्ये केही त साह्रै गम्भीर थिए । हाम्रो पार्टीले यी गल्तीहरूलाई सच्याउन र हाम्रो राष्ट्रिय राजनैतिक सत्ताको स्थापनादेखिका अनुभवको सार झिक्नु अत्यावश्यक छ । तर, हामीले एउटा उपयुक्त दृष्टिकोण अँगाल्नुपर्छ ।

मेरो विचारमा अध्यक्ष माओबाट आफ्ना अन्तिम वर्षहरूमा दुई मुख्य गल्तीहरू भए : पहिलो, समाजवादी राजनैतिक सत्ता र उत्पादनका साधनहरूको समाजवादी रूपान्तरण सम्पन्न भएपछि उहाँले समाजवादी निर्माण कार्यमा ध्यान केन्द्रित गर्नेतिर समायोचित र सही निर्णय गर्न चुक्नुभयो । अझ यसभन्दा बढी समाजवादी क्रान्ति र निर्माणको निर्देशनमा अयथार्थवादी ढङ्गले ठूलो र शीघ्र परिणाम खोज्ने उत्ताउलो खालको गल्ती उहाँबाट भयो । दोस्रो, स्वभावले फरक हुने दुई अन्तरविरोधहरूमा उहाँ अलमलिनुभयो । फलस्वरूप जनताबिचको अन्तरविरोधहरूलाई शत्रुहरूसितको अन्तरविरोधझैँ व्यवहार गरियो, यसरी वर्गसङ्घर्ष फराकिलो र हदभन्दा बाहिर पुग्यो । यसबाट खराब तत्त्वहरूले फाइदा उठाए र 'सांस्कृतिक क्रान्ति' को दस वर्षमा विनाशकारी परिणामहरू निस्किए । अरू पनि गल्तीहरू हुनसक्छन् तर ती सबै यी दुई कुराबाटै भएका हुन् ।

सन् १९४९ यता हाम्रो पार्टीले गरेका सम्पूर्ण गल्तीहरूका लागि यदि अध्यक्ष माओमाथि थोपार्ने हो भने र उहाँ एक्लै माथि दोष लगाउने हो भने ऐतिहासिक तथ्यहरूको आधारमा यो गलत हुन जानेछ । खारिएका धेरै कामरेडहरूसँगै आफू स्वयं पनि थुप्रै गल्तीहरूमा दोषी छन् भन्ने कुरा तेङ शियाओ फिङले बताइसक्नुभएको छ । उदाहरणको लागि सन् १९५७ को दक्षिणपन्थीहरूविरुद्धको सङ्घर्षलाई लिऔँ । त्यो आन्दोलन अत्यावश्यक थियो तर त्यो हदभन्दा बाहिर पुग्यो र कतिपय मानिसहरूलाई गलत ढङ्गले दक्षिणपन्थीको आरोप लगाइयो । यी गल्तीहरूको निम्ति अध्यक्ष माओमाथि मात्रै दोष थोपार्नु हुन्न । त्यसबेला म पनि पार्टी केन्द्रीय समितिको सचिव मण्डलको सदस्य थिएँ । केही छलफल र भेलाहरूमा सावधानीपूर्वक विचार नगरिकनै केही व्यक्तिहरूलाई 'दक्षिणपन्थी' भन्ने कुरोमा मैले पनि सहमति व्यक्त गरेको थिएँ । यो गल्तीको लागि म कसरी अध्यक्ष माओलाई दोष दिनसक्छु ? सन् १९५८ मा लामो फड्कोको बेला अयथार्थवादी दृष्टिकोणले थुप्रै कामरेडहरू तथ्य र तथ्याङ्कहरूलाई विश्वासभन्दा माथि पुऱ्याएर गल्तीको क्षेत्रलाई चौडा पार्नमा उत्तरदायी हुनुहुन्छ । के समिति स्वयं पनि यसले आफ्नो पूर्णाधिवेशनहरूमा पास गरेका गलत प्रस्तावहरूको लागि दोषी छैनन् ? पार्टी अध्यक्षको नाताले अध्यक्षको अध्यक्ष माओ अवश्य बढी जिम्मेवार हुनुहुन्छ । आज अध्यक्ष माओ बितिसक्नुभएको छ, क्रान्तिकारी उद्देश्यलाई हामीले अगाडि बढाउनुपर्दछ । हाम्रा आफ्ना अनुभव र पाठहरूको सारले जनताको बढी लाभको निम्ति हामीले गर्ने काममा मद्दत हुनेछ ।

अध्यक्ष माओका पछिल्ला वर्षका गल्तीहरूको निम्ति गहिरा ऐतिहासिक र सामाजिक तत्त्वहरूजस्ता थुप्रै कारणहरू छन् । हाम्रोजस्तो गरिब, पिछडिएको र घना आवादीयुक्त देशमा समाजवादको निर्माण गर्नु साँच्चिकै एउटा कठिन कार्य हो । आज पनि हामीलाई अपरिचित समस्याहरूसँग जुझ्नु छ । यो अपरिचित समस्याहरूलाई राम्रोसँग ठम्याउन सकिएको हुँदैन र हामीबाट खोजबिन हुँदै छ । यसकारण, हामीबाट एक न एक किसिमको गल्ती हुने नै छ । यहाँ म व्यक्तिगत कारणले अध्यक्ष माओबाट हुन गएका गल्तीहरू र हामीले तत् सम्बन्धमा लिनुपर्ने दृष्टिकोणको विषयमा केही व्याख्या गर्छु । अध्यक्ष माओ आफ्ना पछिल्ला वर्षहरूमा उतिको दूरदर्शी र उतिको जनवादी हुनुभएन र सही तथ्यहरूसित र जनतासित कमैमात्र सम्पर्कमा रहनुभयो । यसले गर्दा हुन गएका गल्तीहरूबाट सबै पार्टी सदस्यहरूले सिक्नुपर्दछ ।

अध्यक्ष माओले जनताको हितको लागि थुप्रै कामहरू गर्नुभएको छ । सन् १९२७ को महान् क्रान्तिको असफलतापछि नै उहाँ कति दिन सुत्दै नसुतिकन क्रान्तिकारी कार्य र त्यससम्बन्धी प्रश्नहरूमा निकै लाग्नुपऱ्यो । एकचोटि सन् १९५८ मा उहाँसँग भेट्दाखेरि मैले उहाँलाई निकै थाकेको पाएँ । मानिसहरू मानसिकरूपले थाकेर लखतरान हुँदा र समझदारीको कमीले गर्दा गल्तीहरू हुन जान्छन् । अध्यक्ष माओ उमेरमा ढलिसक्नुभए तापनि उहाँले अनेकौँ उच्च उद्देश्यहरूको काम गर्ने इच्छा राख्नुभएको थियो र सयौँ वर्ष लाग्ने यी कार्यहरूलाई उहाँ थोरै वर्षमा २०-३० वर्षभित्रै केही गर्न चाहनुहुन्थ्यो । यसले गर्दा अन्तमा बाधा उत्पन्न हुनथाल्यो । उहाँले साँच्चिकै जनहित र क्रान्तिकारी उद्देश्यलाई फलाउने-फुलाउने इच्छा राख्नुभएको थियो । यद्यपि, यी गतिरोधले पार्टी र जनतालाई समेत ठूलो दुर्भाग्य र आघात पुऱ्याएका थिए । उहाँले आफ्नो सम्पूर्ण जीवनमा नै यहीँ आदर्श प्राप्तिको निम्ति समर्पित गर्नुभयो । अध्यक्ष माओका गल्तीहरू एक महान् क्रान्तिकारीबाट हुन गएका गल्तीहरू हुन् । यसलाई हृदयङ्गम गरी गल्तीहरूलाई सच्याउने र अनुभवहरूलाई केलाउने अहिलेको सन्दर्भमा हामीले उहाँलाई प्रेम र आदरको दृष्टिले बुझ्नुपर्दछ र सफाइ दिनुपर्दछ ।

अध्यक्ष माओलाई प्रशंसा गर्दा केहीले हद नाघे र केहीले कुनै गुणै नभएको व्यक्तिको रूपमा पनि लिए । यो ठीक होइन । यस्ता कुराहरू उडन्ते डिङहरूमात्र नभई पार्टी र जनताको निम्ति पनि हानिकारक छन् । वर्षौँसम्म अध्यक्ष माओ संसारभरि नै हाम्रो पार्टी र जनताका नेता र चिनियाँ क्रान्तिको प्रतीकको रूपमा परिचित हुनुहुन्थ्यो, यो वास्तविकता हो । उहाँलाई अनादर गर्नु र होच्याउनु अन्तत: हाम्रो पार्टी र हाम्रो समाजवादी मातृभूमिलाई अनादर गर्नु र

*बाँकी पृष्ठ ७ मा*

# बङ्गलादेशका पूर्वप्रम खालिदा जियाको निधन



बङ्गलादेशको राजधानी ढाकास्थित एभरकेयर अस्पतालमा उपचारका क्रममा पूर्वप्रधानमन्त्री बेगम खालिदा जियाको मङ्गलबार बिहान ८० वर्षको उमेरमा निधनपछि अस्पताल अगाडि जम्मा भएको समर्थकहरूको भिड । *तस्बिर : एएफपी*

ढाका, ३० डिसेम्बर (एएफपी) । बङ्गलादेशकी पूर्वप्रधानमन्त्री तथा बङ्गलादेश नेसनालिस्ट पार्टी (बीएनपी) की अध्यक्ष बेगम खालिदा जियाको ८० वर्षको उमेरमा मङ्गलबार बिहान निधन भएको छ ।

पार्टीले जारी गरेको विज्ञप्तिमा उहाँको निधन फजरको प्रार्थनापछि बिहान ६ बजे भएको जनाइएको छ । वर्षौंदेखि कमजोर स्वास्थ्य, लामो कारावास र राजनीतिक उतारचढावबिच पनि सक्रिय राजनीतिमा रहनुभएकी जियाको निधनले बङ्गलादेशी राजनीतिमा गहिरो शून्यता सिर्जना गरेको छ ।

खराब स्वास्थ्य अवस्थाका बाबजुद पनि जियाले आगामी फेब्रुअरी २०२६ मा तय गरिएको आम निर्वाचनमा सक्रिय रूपमा सहभागी हुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उक्त निर्वाचन गत वर्ष दीर्घकालीन प्रतिद्वन्द्वी शेख हसिनाको सरकार जनविद्रोहपछि पतन भएपछिको पहिलो आम चुनाव हो । बीएनपीलाई यस निर्वाचनमा प्रमुख अग्रपङ्क्तिको दलका रूपमा हेरिएको थियो र धेरैले जियाको नेतृत्वमै पार्टी चुनाव जित्ने विश्वास गरेका थिए ।

बीएनपीका अनुसार नोभेम्बरको अन्त्यतिर उहाँको स्वास्थ्य अचानक बिग्रिएपछि ढाकाको एक अस्पतालमा भर्ना गरिएको थियो । चिकित्सकहरूले हरसम्भव प्रयास गरे पनि दीर्घकालीन स्वास्थ्य समस्याका कारण उहाँको अवस्था क्रमशः गम्भीर बन्दै गएको थियो । यद्यपि, निधन हुनुभन्दा केही घण्टाअघि सोमबार पार्टी कार्यकर्ताहरूले तीनवटा निर्वाचन क्षेत्रबाट उहाँकै नाममा उम्मेदवारी दर्ता गराएका थिए, जसले उहाँको राजनीतिक इच्छाशक्ति अन्तिम क्षणसम्म पनि बलियो रहेको देखाएको थियो ।

उहाँको निधनको खबर फैलिएसँगै, चिसो वर्षाको बिच पनि मङ्गलबार बिहान ढाकास्थित अस्पताल बाहिर हजारौँ शोकाकुल समर्थकहरू भेला भएका थिए । बीएनपीका वरिष्ठ नेता रुहुल कबिर रिजवीले यस घटनालाई 'राष्ट्रका लागि अपूरणीय क्षति' भन्दै गहिरो दुःख व्यक्त गर्नुभयो । पार्टीका युवा समर्थक गोलम किब्रियाले जियाले विलासिताको जीवनभन्दा जेल रोजेर वर्षौं कठिन अवस्था भोग्नुभएको उल्लेख गर्दै उहाँलाई 'कहिल्यै प्रतिस्थापन गर्न नसकिने अतुलनीय नेता' को संज्ञा दिनुभयो ।

जियाको अन्तिम दिनहरूमा देशका अन्तरिम नेता तथा नोबेल शान्ति पुरस्कार विजेता प्रोफेसर मुहम्मद युनुसले पनि राष्ट्रलाई उहाँको स्वास्थ्यलाभ र पछि आत्मशान्तिका लागि प्रार्थना गर्न आह्वान गर्नुभएको थियो । उहाँले जियालाई 'अत्यन्त प्रेरणादायी व्यक्तित्व' भन्दै राष्ट्रले 'एक महान् अभिभावक गुमाएको' टिप्पणी गर्नुभयो । युनुसका अनुसार उहाँको दृढ नेतृत्वले पटक-पटक देशलाई अलोकतान्त्रिक अवस्थाबाट बाहिर ल्याउन सहयोग गरेको थियो र जनतालाई स्वतन्त्रताको मूल्य बुझ्न प्रेरित गरेको थियो ।

तीनपटक प्रधानमन्त्री रहनुभएकी जियालाई सन् २०१८ मा तत्कालीन शेख हसिना सरकारका पालामा भ्रष्टाचारको आरोपमा जेल सजाय सुनाइएको थियो । सोही कारणले उपचारका लागि विदेश जानसमेत उहाँलाई रोक लगाइएको थियो । हसिना सत्ताच्युत भएपछि गत वर्ष उहाँ रिहा हुनुभयो । यस महिनाको सुरुतिर विशेष एयर एम्बुलेन्समार्फत लन्डन लैजाने तयारी भए पनि स्वास्थ्य स्थिर नहुँदा योजना कार्यान्वयन हुन सकेन ।

उहाँका जेठा छोरा तारिक रहमान अब फेब्रुअरी १२ मा हुने आम चुनावमा बीएनपीको नेतृत्व गर्ने अपेक्षा गरिएको छ । उहाँ १७ वर्षको निर्वासनपछि केही दिनअघि मात्र स्वदेश फर्किनुभएको थियो । पार्टीले बहुमत हासिल गरेमा उहाँलाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सारिने व्यापक अनुमान गरिएको छ । बङ्गलादेशका प्रमुख सञ्चारमाध्यमहरूले जियाको निधनको समयमा उहाँका छोरा रहमान र परिवारका अन्य सदस्यहरू उहाँकै साथमा रहेको जनाएका छन् ।

एक अग्रणी राष्ट्रिय दैनिकले उहाँलाई 'दृढ नेता' का रूपमा स्मरण गर्दै लेखेको छ, "राजनीतिज्ञहरूको जीवन उत्थान र पतनले भरिएको हुन्छ, जहाँ कानूनी मुद्दा, गिरफ्तारी, कारावास, उत्पीडन र आक्रमण असामान्य हुँदैनन् । बेगम खालिदा जियाले यस्ता सबै कठोर परीक्षाहरू चरम सीमासम्म सहनुभयो । उहाँको जीवन सङ्घर्ष, अडान र राजनीतिक प्रतिबद्धताको प्रतीकका रूपमा बङ्गलादेशी इतिहासमा सधैँ स्मरणीय रहनेछ ।"

# सन् २०२५ : अत्यन्त तातो वर्ष

डेट्रोइट (संयुक्त राज्य अमेरिका), ३० डिसेम्बर (एपी) । वैज्ञानिकहरूका अनुसार सन् २०२५ मानव गतिविधिबाट प्रेरित जलवायु परिवर्तनका कारण इतिहासकै सबैभन्दा तातो तीन वर्षमध्ये एक बनेको छ । यस वर्षले पहिलोपटक तीन वर्षको औसत तापक्रमका आधारमा पूर्व-औद्योगिक कालको तुलनामा तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसभन्दा तल राख्ने सन् २०१५ को पेरिस सम्झौतामा तोकिएको सीमा पार गरेको हो । विज्ञहरूका अनुसार उक्त सीमा नाघ्दा मानव जीवन, पारिस्थितिकी र विश्वव्यापी वातावरणमा गम्भीर जोखिम बढ्ने गर्दछ ।

युरोपमा मङ्गलबार सार्वजनिक गरिएको वर्ल्ड वेदर एट्रिब्युसन ( डब्लुडब्लुए) का अनुसन्धानकर्ताहरूको विश्लेषणले सन् २०२५ लाई खतरनाक चरम मौसमले भरिएको वर्षका रूपमा चित्रित गरेको छ । प्रशान्त महासागरमा ला निनाजस्तो प्राकृतिक चिसोपनको अवस्था हुँदाहुँदै पनि विश्वव्यापी तापक्रम उच्च रहनुमा तेल, ग्यास र कोइलाजस्ता जीवाश्म इन्धनको निरन्तर दहन प्रमुख कारण भएको वैज्ञानिकहरूको निष्कर्ष छ । इम्पेरियल कलेज लन्डनका जलवायु वैज्ञानिक तथा डब्लुडब्लएका सह-संस्थापक फ्रेडेरिक ओटोका अनुसार जीवाश्म इन्धन छिटो र व्यापक रूपमा प्रयोग गर्न रोक्न नसके १.५ डिग्रीको लक्ष्य जोगाउन अत्यन्त कठिन हुनेछ ।

डब्लुडब्लएले सन् २०२५ मा विश्वभर देखिएका १५७ चरम मौसम घटनालाई गम्भीर श्रेणीमा राखेको छ, जसमा ठूलो मानवीय क्षति, व्यापक जनसङ्ख्यामा प्रभाव वा आपतकाल घोषणा गरिएको अवस्था समावेश छन् । तीमध्ये केही घटनाको विस्तृत अध्ययनले तातो लहरहरू यस वर्षका सबैभन्दा घातक विपद् बनेको र यस्ता घटना जलवायु परिवर्तनका कारण विगतको तुलनामा धेरै गुणा बढी सम्भावित भएको देखाएका छन् । ओटोका अनुसार मानव-प्रेरित जलवायु परिवर्तन नभएको भए यस्ता तातो लहरहरू प्रायः असम्भव हुने थिए ।

यस वर्ष ग्रिस र टर्कीमा लामो खडेरीले डढेलोलाई उक्सायो भने मेक्सिकोमा भारी वर्षा र बाढीले धेरैको ज्यान गयो । फिलिपिन्समा सुपर टाइफुन फङ-वोङका कारण १० लाखभन्दा बढी मानिस विस्थापित भए भने भारतमा मनसुनका कारण बाढी र भूस्खलनले जनजीवन प्रभावित भयो । वैज्ञानिकहरूले यस्ता तीव्र र जटिल विपद्ले धेरै देशको अनुकूलन क्षमतामाथि गम्भीर दबाब सिर्जना गरेको चेतावनी दिएका छन् ।

यसैबिच, ब्राजिलमा सम्पन्न संयुक्त राष्ट्रसङ्घीय जलवायु वार्ता जीवाश्म इन्धनबाट टाढा सर्ने स्पष्ट योजनाविना सकिएको छ । यद्यपि, जलवायु अनुकूलनका लागि थप सहयोगको प्रतिबद्धता व्यक्त गरिए पनि कार्यान्वयनमा ढिलाइ हुने देखिएको छ । चीन, युरोप र संयुक्त राज्य अमेरिकालगायत विश्वका प्रमुख शक्तिहरूमा जलवायु नीतिमा असमान प्रगति देखिएको भन्दै विज्ञहरूले चिन्ता व्यक्त गरेका छन् ।

कोलम्बिया युनिभर्सिटी क्लाइमेट स्कुलका वरिष्ठ अनुसन्धानकर्ता एन्ड्र्यु क्रुज्किभिजका अनुसार विश्वका धेरै स्थानमा पहिले नदेखिएका विपद् देखिन थालेका छन्, जसका लागि छिटो चेतावनी, नयाँ प्रतिक्रिया प्रणाली र दीर्घकालीन रणनीति आवश्यक छ । उहाँका शब्दमा, "केही प्रगति भए पनि विश्वले अझ धेरै र छिटो कदम चाल्न जरुरी छ ।"

# भारत चौथो ठूलो अर्थतन्त्रमा जर्मनीमाथि आँखा

नयाँदिल्ली, ३० डिसेम्बर ( एएफपी) । भारतले जापानलाई पार गर्दै विश्वको चौथो ठूलो अर्थतन्त्रका रूपमा उभिन पुगेको छ । अधिकारीहरूले तीन वर्षभित्र जर्मनीलाई पनि उछिन्ने अपेक्षा व्यक्त गरेका छन् । सरकारको वर्षको अन्त्यको आर्थिक समीक्षाले यस वृद्धिलाई पुष्टि गरेको छ ।

अहिलेको आधिकारिक स्थिति सन् २०२६ मा वार्षिक कुल गार्हस्थ्य उत्पादन (जीडीपी) तथ्याङ्क सार्वजनिक भएपछि मात्र पक्का हुनेछ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले पनि भारतको अर्थतन्त्रले अर्को वर्ष जापानलाई पार गर्ने अनुमान गरेको छ ।

सरकारी आर्थिक ब्रिफिङ नोटअनुसार ४१ खर्ब ८० अर्ब डलरको कुल गार्हस्थ्य उत्पादनसहित भारतले जापानलाई उछिन्दै चौथो स्थानमा प्रवेश गरेको छ । आगामी साढे दुई-तीन वर्षमा जर्मनीलाई तेस्रो स्थानमा सार्ने सम्भावना छ । भारतको जीडीपी सन् २०३० सम्ममा ७३ खर्ब डलर पुग्ने अनुमान गरिएको छ । सन् २०२६ मा आईएमएफले जापानको जीडीपी ४४ खर्ब ६० अर्ब डलर र भारतको ४५ खर्ब १० अर्ब डलर हुने अनुमान गरेको छ ।

अगस्टमा वासिङ्टनले भारतको रुसी तेल खरिदमा भन्सार शुल्क लगाए पनि नयाँदिल्लीले आफ्नो विकास गतिलाई कायम राखेको देखाएको छ । सरकारले यसलाई 'विश्वव्यापी व्यापार अनिश्चितताबिचको लचिलोपन' को सङ्केतका रूपमा व्याख्या गरेको छ ।

तर अन्य आर्थिक सूचकहरूले चुनौती पनि देखाएका छन् । जनसङ्ख्याको दृष्टिले, भारत सन् २०२३ मा चीनलाई उछिनेर सबैभन्दा बढी जनसङ्ख्याको राष्ट्र बन्यो । विश्व बैङ्कको तथ्याङ्कअनुसार सन् २०२४ मा भारतको प्रतिव्यक्ति जीडीपी दुई हजार ६९४ डलर मात्र थियो । यो जापानको ३२ हजार ४८७ डलर र जर्मनीको ५६ हजार १०३ डलरभन्दा निकै कम छ ।

सरकारी तथ्याङ्क अनुसार भारतका एक अर्ब ४० करोड जनसङ्ख्यामध्ये करिब एक चौथाइ १०-२६ वर्ष उमेर समूहका छन् । यस युवा जनशक्तिलाई उत्पादनशील बनाउन र समावेशी तथा दिगो विकासका लागि गुणस्तरीय रोजगारी सिर्जना गर्ने चुनौती सरकारको अगाडि छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले यस वर्ष उपभोग करमा व्यापक कटौती र श्रम कानुन सुधारको घोषणा गर्दै आर्थिक वृद्धिलाई समर्थन गर्ने कदम चाल्नुभएको छ । तर, भारतीय रूपैयाँ डिसेम्बर सुरुमा डलरविरुद्ध करिब पाँच प्रतिशत कमजोर भएको थियो, जसका कारण वासिङ्टनसँग व्यापार सम्झौता अभाव र लेभीसम्बन्धी चिन्ता देखाइएको थियो ।

आईएमएफका अनुसार सन् २०२२ मा भारत विश्वको पाँचौँ ठूलो अर्थतन्त्र बनेको थियो । सो वर्ष भारतले बेलायतलाई पार गर्दै ऐतिहासिक रूपमा महत्त्वपूर्ण प्रगति हासिल गरेको थियो ।

## विश्व सङ्क्षेप

### मेलबर्नका विभिन्न सपिङ सेन्टरमा सुरक्षा कारबाहीको क्रममा सयभन्दा बढी पक्राउ

मेलबर्न, ३० डिसेम्बर (सिन्ह्वा) । अस्ट्रेलियाको मेलबर्नका विभिन्न सपिङ सेन्टरहरूमा अपराध विरुद्धको कारबाहीको पहिलो हप्तामा एक सयजना भन्दा बढीलाई पक्राउ गर्नुका साथै ३० वटा हतियार जफत गरिएको प्रहरीले मङ्गलबार जनाएको छ ।

अस्ट्रेलियाको भिक्टोरिया राज्यमा मङ्गलबार प्रहरीले प्रकाशित गरेको तथ्याङ्कअनुसार डिसेम्बर-८ मा चार प्रमुख मेलबर्न सपिङ सेन्टरमा सुरक्षा अभियान सुरु भए देखि १०९ जनालाई पक्राउ गरिएको छ ।

भिक्टोरिया प्रहरीले पक्राउ परेका व्यक्तिहरूको साथमा छुरी हथौडा डस्टरको सेटहरूलगायतका खजाना जफत गरिएको जनाएको छ ।

मेलबर्न सपिङ सेन्टरहरूमा हिंसात्मक घटनाहरूको शृङ्खला बढेपछि सुरक्षा कारबाही स्थापना गरिएको थियो । भिक्टोरिया प्रहरीका क्षेत्रीय अपरेसनका उपायुक्त बब हिलले किनमेल केन्द्रहरूमा प्रहरी र सुरक्षात्मक सेवा अधिकारीहरूको उपस्थिति जारी रहेको बताउनुभएको छ । सबैले सुरक्षित महसुस गर्नुपर्ने ठाउँमा हिंसा, आक्रामकता र हतियार ल्याउनेहरूको विरुद्ध प्रहरी खडा हुने उहाँले बताउनुभएको छ । भिक्टोरिया प्रहरी अपरेसन अन्तर्गत २१७ वटा अपराध दर्ता भएका छन्, जसमध्ये ७५ वटा चोरीसँग सम्बन्धित भएको जनाइएको छ ।

भिक्टोरियाको क्राइम स्ट्याटिस्टिक्स एजेन्सीको पछिल्लो तथ्याङ्कले १२ महिना देखि सेप्टेम्बरसम्म चोरीका ४१ हजार ७८९ वटा घटना दर्ता भएको देखाएको छ, जुन अघिल्लो १२ महिनामा ३६ हजार १८१ थियो ।

### गाजामा बायरन आँधीका कारण दुई लाखभन्दा बढी मानिस प्रभावित : युएनआरडब्लुए

न्युयोर्क, ३० डिसेम्बर (क्युएनए) । प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) ले गाजापट्टीमा करिब दुई लाख ३५ हजार मानिस हालै आएको बायरन आँधीबाट प्रभावित भएको जनाएको छ । गत १०-१७ डिसेम्बरको बिचमा आएको आँधीले आवासीय भवनहरू ध्वस्त बनाउनुका साथै शरणार्थी शिविरहरूमा क्षति पुगेको एजेन्सीले जनाएको छ ।

सामाजिक सञ्जाल एक्समार्फत युएनआरडब्लुले लामो युद्ध र विस्थापनले गाजाका मानिसहरूलाई भग्नावशेष, अस्थायी आश्रय वा जीर्ण शिविरहरूमा बस्न बाध्य पारेको पुष्टि गरेको छ । आँधीलाई प्राकृतिक प्रकोपको रूपमा वर्णन गर्दै यसले व्यापक विनाश र इजरायलीको नरसंहारपछि सुरक्षित आश्रयको अभावले गर्दा तिव्र क्षति भएको जनाएको छ ।

युएनआरडब्लुएका अनुसार आँधीका कारण कम्तिमा १७ वटा भवनहरू ढलेका छन् भने ४२ हजारभन्दा बढी शिविर तथा अस्थायी आश्रयहरू क्षतिग्रस्त भएका छन्, जसले गर्दा कम्तिमा दुई लाख ३५ हजार मानिसहरू प्रभावित भएको जनाइएको छ ।

# नैतिकताबिनाको राजनीति लगामबिनाको घोडाजस्तो हुने

✍ सिम्रिक

नैतिकताबिनाको राजनीति लगामबिनाको घोडाजस्तो हुन्छ । सिद्धान्तबिनाको राजनीति वस्त्रबिनाको मान्छेजस्तो हुन्छ । सिद्धान्त र नैतिकताबिनाको मानिस, समूह, दल जङ्गली हात्तीको बथानजस्तो हुन्छ । नेपाली राजनीतिमा नेता र विश्लेषकहरूले समय समयमा भन्ने कथनहरू हुन् यी । राजनीतिमा सिद्धान्त र नैतिकता एकै सिक्काका दुई पाता हुन् । तर, शासक दलका नेता, प्रधानमन्त्री, मन्त्री र सांसद यो भावना बोकेर अगाडि बढिरहेको अवस्था देखिँदैन ।

राजनीतिमा नैतिकता अमूल्य हुन्छ । राजनीतिमा नैतिकता महत्त्वपूर्ण हुन्छ । नैतिकताबिनाको राजनीति चोखो हुँदैन । यसले देश बनाउँदैन बरु ध्वस्त पार्छ । भदौ २३ र २४ गतेको उपद्रोव हाम्रो अगाडि छ । यसले देशलाई घाइते बनाएको छ । नैतिकताले नै नेतालाई नेताजस्तो बनाउँछ; राष्ट्रपतिलाई राष्ट्रपतिजस्तो बनाउँछ, प्रधानमन्त्रीलाई प्रधानमन्त्रीजस्तो, मन्त्रीलाई मन्त्रीजस्तो, सांसदलाई सांसदजस्तो, पत्रकारलाई पत्रकारजस्तो, न्यायाधीशलाई न्यायाधीश, प्राध्यापकलाई प्राध्यापकजस्तो, नागरिकलाई नागरिकजस्तो बनाउँछ । त्यसैले समाज र देश बनाउन नैतिकता अपरिहार्य छ ।

नैतिकता देशका नागरिकको श्रृङ्गार हो, गहना हो । वि.सं. २०३० सालमा सिंहदरबारमा आगो लाग्यो । त्यो आगो तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले लगाएका थिएनन् । तर, देशको सम्पत्ति बिनाश भयो । देश जोगाउनु उनको कर्तव्य थियो । त्यो जिम्मेवारी उनले समयमा निभाउन सकेनन् । उनले पदबाट तत्काल राजीनामा दिए । त्यस्तै २०४४ फागुन २९ गते दशरथ रङ्गशालामा जनकपुर चुरोट कारखाना र बङ्गलादेशको मुक्ति जोद्धाको टिमबिच फूटबल फाइनल खेल भइरहेको थियो । रङ्गशाला दर्शकले भरिभराउ थियो । अचानक आँधी बेहरी आयो, वर्षा भयो । दर्शकको भागदौड भयो । रङ्गशालाको दर्शक बाहिरिने सबै ढोका खोल्न समयमा नसक्दा भीडले थिचिएर, च्यापिएर ९३ जना दर्शकको मृत्यु भयो । त्यस दु:खद घटनाको जिम्मेवारी लिएर तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री केशरबहादुर विष्टले नैतिकताको आधारमा पदबाट राजीनामा दिए । यसमा पनि उनको कुनै हात छैन तर उनले तत्काल पदबाट राजीनामा दिए ।

यदि पूर्व प्रम ओलीले भदौ २४ गते बिहानै राजीनामा दिएको भए देश खरानी हुने थिएन । फलत: देशको सम्पत्ति खरानी भयो । नेपालको इतिहासमा यति छोटो वा दुई दिनमा देश खरानी भएको, सुरक्षा निकायले टुलुटुलु हेरिरहेको पहिलो दु:खद घटना हो । सरकार प्रमुख भएको नाताले त्यसको मुख्य जिम्मेवार भनेको ओली नै हुन् । उनले सरकारका गुप्तचर, सुरक्षा सूचना, सुझाव, अनुरोध बेलैमा कारबाही अगाडि नबढाउँदा दम्भ र अहँकार देखाउँदाको परिणाम देश जल्यो । भविष्यका कर्णधार कलिला विद्यार्थीको ज्यान गयो । आज ओली, सुरक्षा निकाय, गुप्तचर विभाग जनता र कानुनको नजरबाट जोगिन त्यसमा आफूहरूको हात नभएको, आदेश नदिएको बरु बचाउन, जोगाउन कर्तव्य निभाएको एक आपसमा केटा केटीको झगडाजस्तो आरोपहरू लगाइरहेका छन् ।

देशलाई धमिराले खाएजस्तो भ्रष्टाचारीले खोक्रो पारिसकेको छ । देशलाई जोगाउन भ्रष्टाचारलाई नियन्त्रण गर्दै भ्रष्टाचारीहरूलाई कानुनको दायरामा ल्याएर जेल हाल्ने र सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध फुकुवाको माग राखेर गरेको युवा पुस्ताको आन्दोलनलाई ओलीको सरकारले बेवास्ता गर्यो; युवापुस्तालाई होच्याउने, अहँकार, दम्भ देखायो । आन्दोलन अगाडि बढ्यो । आखिर झुक्नैपर्यो । सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध फुकुवा भयो । युवा पुस्ताको आन्दोलनले कुर्सीमा बसाएको प्रम सुशीला कार्कीको सरकारले युवा पुस्ताको भावना या मुख्य भागको रूपमा रहेको भ्रष्टाचारीहरूलाई कारबाही भने अझै गर्न सकेका छैनन् ।

भदौ २३ र २४ गतेको युवापुस्ताको विद्रोहमा घुसपैठ भएर भएको उपद्रोव, तोडफोड, आगजनीको सूचना राष्ट्रिय अनुसन्धान, गुप्तचर, विभाग, सुरक्षा निकायले बेलैमा प्रम, गृहमन्त्री, रक्षामन्त्री आदिलाई दिएकै हुनुपर्छ । त्यसलाई राज्यको, सरकारको लगाम समातेर बसेका ओलीले बेवास्ता गरे वा गम्भीरतापूर्वक लिएनन् । युवा पुस्ताका नेतृत्वकर्ताहरूले देशको सम्पत्तिमा तोडफोड, आगजनी गर्ने हाम्रो कुनै उद्देश्य थिएन भनेर सञ्चारमाध्यममा भनिसकेकै छन् । तर, शान्तिपूर्वक भएको विरोध कार्यक्रममा घुसपैठ भयो । यसैले त्यस्तो विध्वंश हुन्छ भनेर हामीले कल्पना नै गर्न सकेनौं । घुसपैठ भएका अपराधीहरूले तोडफोड, आगजनी गरेका हुन् । राजधानीलगायत देशभर एकैपटक त्यसरी कुनै देशभक्त नेपाली युवा पुस्ताले गर्दै गर्दैन र गर्न पनि सक्दैन । नेपालमा त्यस्तो अनियन्त्रित, अस्थिरता, उपद्रोव गर्न र गराउन अमेरिका र भारतबाहेक कसैले सक्दैनन् भनेर राजनीतिक विश्लेषकहरूले भनिसकेकै छन् । तर, ओलीले यो उपद्रोव या देशको सम्पत्ति जलाउने काममा अमेरिका र भारतको प्रभाव या हात रहेको भनेर औलो सोझ्याउन, उठाउन र बोल्न सकेका छैनन् ।

पार्टीको महाधिवेशनबाट अध्यक्षमा निर्वाचित भएपछि फेरि ओलीमा दम्भ र अहङ्कार बढ्यो । उनको विवेक र नैतिकताको आँखा बन्द भएको प्रश्न उठेको छ । उनले मलाई मुद्दा लगाएर पक्राउ गर्न खोजे देश ठप्प पारिदिने धम्की दिएको सञ्चारमाध्यममा आयो । उनले सामना गर्ने, धैर्य गर्ने आँट गर्नै सकेन । यसलाई कतै पाप धुरीबाट कराएको हो कि भनेर पनि हेरिएको छ । आफूले सरकारको नेतृत्व गरिरहँदा कुनै अपराधीले त्यस्तै धम्की दियो भने कुन नैतिकताले उसलाई कारबाही गर्ने, जेल हाल्ने भन्ने प्रश्न तेर्सिन्छ ।

देशमा सबै नेता, प्रधानमन्त्री, मन्त्री, सांसद र कर्मचारी आफूलाई सङलो ठान्छन् । यिनीहरू सबैले नैतिकता र भ्रष्टाचारको विरोधमा चर्का चर्का भाषण दिन्छन् । उनीहरू भ्रष्टाचारको विरुद्धमा लडेको देखाउँछन् । तर, व्यवहारमा आफूलाई कसैले भ्रष्टाचारको दुर्गन्धबाट टाढा राख्न सकेका छैनन् । कसैले पनि भ्रष्टाचारका ठुलो माछालाई पक्रन र जेलमा हाल्न सकेका छैनन् । भ्रष्टाचारीलाई समात्न खोजे पनि, समाते पनि क-कसको मिलेमत्तोमा तुरुन्त छोड्न लगाउँछन् । उनीहरू राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतीकरण गर्छन् । त्यसैको परिणाम देशमा आज भ्रष्टाचारका ठुला माछालाई पक्रन नसकेका हुन् ।

भ्रष्टाचारीले भ्रष्टाचार गरेको छैन भनेर मुखले भन्ने होइन, चर्को चर्को भाषण दिएर होइन, आचरण, व्यवहार र परिणामले देश र नेपाली जनतामाझ प्रस्ट देखाउनुपर्थ्यो । फाटेको चप्पल, लुगा र एउटा झोला, गलबन्दीमा राजधानी छिरेका कर्मचारीको काठमाडौंमा घर कसरी ठड्याउन सक्छ ? विदेशमा सम्पत्ति, लगानी, बैङ्क ब्यालेन्स कसरी हुन्छ ? चाहे आफ्नो नातागोताको नाममा होस् वा जुनसुकै मान्छेको नाममा होस् । त्यसलाई जफत गरेर देशको ढुकुटीमा ल्याउनुपर्छ । यसले देशको ८/१० वर्षको बजेट बनाउन वा ८/१० वटा ठुलो कारखाना बनाउन पुग्छ । भ्रष्टाचारको आरोप लागेका सबै नेता तथा कर्मचारीहरूको सम्पत्तिको स्रोत खोजौं; निष्पक्ष छानबिन गरौं ।

---

*अध्यक्ष...*

होच्याउनुमात्र हुनेछ । यसले पार्टी, राज्य र एक अरब चिनियाँ जनताका आधारभूत हितलाई मात्र नोक्सान गर्नेछ ।

**मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधाराले मात्र चीनलाई जोगाउनसक्नेछ**

अध्यक्ष माओले हामीलाई अनमोल ढुकुटी र केही नकारात्मक कुरा पनि छोडेर जानुभयो । यसमध्ये पछिल्लोले अस्थायी भूमिका मात्र खेल्न सक्छ । यसलाई हामीले हाम्रो कामबाट जित्न सक्छौं । यसको लागि कामहरू कार्यान्वित पनि हुँदै छन् । उहाँले हामीलाई छोड्नुभएको अमूल्य ढुकुटी हो-माओ त्सेतुङ विचारधारा । यसले आउँदा धेरै वर्षसम्म पनि हाम्रो कामलाई निर्देशन दिइरहनेछ । अहिले केही त्यस्ता मान्छेहरू पनि छन् जसले माओ त्सेतुङ विचारधारालाई छोड्न चाहन्छन् । केही अध्यक्ष माओका सही कार्यहरूलाई समेत आलोचना गर्नेहरू पनि छन् । यसले गर्दा चीनलाई एक खतरनाक मार्गतिर डोऱ्याउनेछ, हामीले ठुलो हानि-नोक्सानी र विपत्ति भोग्नुपर्ने छ ।

केही व्यक्तिहरू अध्यक्ष माओको 'येनान कला साहित्य गोष्ठीका प्रवचन' हरूलाई आलोचना गर्दै छन् । त्यो प्रवचनको मुख्य विचार साहित्य र कलाले मजदुर, किसान र सैनिकहरूको सेवा गर्नुपर्दछ र त्यसले जनतालाई एकगठ पार्ने र शिक्षा दिने काम गर्नुपर्दछ भन्ने थियो । सारमा साहित्य र कलाले जनता र समाजवादको सेवा गर्नुपर्दछ भन्ने हाम्रो भनाइलाई नै प्रतिबिम्बित गर्दछ । यी दुवैलाई किन एक अर्काको विरुद्ध राखिन्छ ? मजदुर, किसान र सैनिकबिनाको जनता कहाँ हुन्छ ? यदि कला र साहित्यले जनतासित एकता गर्न सकेन, तिनीहरूलाई शिक्षित तुल्याउन सकेन भने त्यसले कसरी समाजवादको सेवा गर्नसक्दछ ? बितेका केही वर्षहरूमा साहित्य र कला क्षेत्रमा थुप्रै राम्रा रचनाहरू देखापरेका छन् जसले क्रान्तिकारी उद्देश्यमा सकारात्मक भूमिका खेलेका छन् । तर, पनि केही व्यक्तिहरू विचार स्वतन्त्रताको नाउँमा अध्यक्ष माओले प्रतिपादित गर्नुभएको साहित्य र कलाबारेका सिद्धान्तहरूलाई नकार्ने प्रयास गर्दै छन् ।

माओ त्सेतुङ विचारधारा अचानक दु:खै नगरिकन त्यसै आएको होइन, बरु करोडौं जनताले चलाएका क्रान्तिकारी सङ्घर्षको वर्षौं-वर्षको फल हो । चिनियाँ इतिहासमा एकपल्ट कन्फ्युसियसको सिद्धान्तले २००० वर्षसम्म प्रभावित पाऱ्यो । तर, अहिले चिनियाँ जनवादी क्रान्तिको ६० वर्षपछि यसले आफ्नो प्रभावशाली भूमिका गुमाइसकेको छ । चीनको आफ्नो अर्को विचारधारा पनि छ-सन यात सेनको विचारधारा । सन यात सेन चिनियाँ जनवादी क्रान्तिका एक महान् अग्रदूत हुनुहुन्थ्यो । उहाँले राख्नुभएका तीन सिद्धान्तहरू राष्ट्रियता, जनवाद र जनजीविकाको पनि अग्रदूत हुनुहुन्थ्यो । जनताका यी तीन सिद्धान्तले चिनियाँ जनवादी क्रान्तिमा एक महत्त्वपूर्ण भूमिका खेलेको थियो । पुरानो पुस्ताका धेरै मानिसहरू मसमेत हाम्रो जवानीमा जनताका तीन सिद्धान्तमा विश्वास गर्थ्यौं । तर, यिनीहरूलाई मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारासँग तुलना गर्न सकिन्न ।

मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधाराले मात्र चीनलाई बचाउन सक्दछ भन्ने कुरा समकालीन इतिहासले सिद्ध गर्छ । चिनियाँ कम्युनिस्ट पार्टीको स्थापनायता हामी चिनियाँ कम्युनिस्टहरूले मार्क्सवाद-लेनिनवादको झन्डामुनि चिनियाँ जनतासँग एक हुँदै र सङ्गठित हुँदै सङ्घर्षमा उत्रन आह्वान गरेका छौं । मार्क्सवाद-लेनिनवादको आधारभूत सिद्धान्तहरूमा अडिग भई अध्यक्ष माओले चिनियाँ क्रान्तिको नेतृत्व गर्नुभयो र यसको अनुभवलाई केलाउनुका साथै थुप्रै लेखहरूबाट योगदान गर्नुभयो । चिनियाँ क्रान्तिको मध्यमा बनेको माओ त्सेतुङ विचारधारा चिनियाँ कम्युनिस्टहरूका लागि र राष्ट्रभरिका जनताको लागि एक मानसिक हतियार बन्न पुगेको छ । माओ त्सेतुङ विचारधारा दसौं लाख कम्युनिस्टहरू र करोडौं जनताले आफ्नो रगत र पसिनाले सिर्जेको बहुमूल्य ढुकुटी हो । यो हामीसँग सान्है घनिष्ट र सान्है व्यावहारिक भएको अनुभव गर्छौं ।

हाम्रोजस्तो ठुलो पार्टी र एक अरब जनताको राष्ट्रलाई नेतृत्व दिनको निमित्त हामीलाई एक सैद्धान्तिक हतियारको खाँचो पर्दछ । केही व्यक्तिहरू हाम्रो यस बहुमूल्य ढुकुटीलाई निरर्थक बनाउने प्रयासमा छन् । के तिनीहरू कन्फ्युसियस र जनताका तीन सिद्धान्तहरूमा फर्कन चाहन्छन् त ? इतिहासले तिनीहरूलाई समय नसुहाउँदो पुरानो अव्यावहारिक सिद्ध गरिसकेको छ । कन्फ्युसियस र जनताका तीन सिद्धान्तहरू काम नलाग्ने भएपछि पश्चिमी पुँजीवादी मुलुकको तरिकालाई लागू गर्ने त ? मेरो विचारमा ती विचारले पनि काम दिँदैनन् । निश्चितरूपले म ढोका बन्द गर्ने नीतिको प्रचारक होइन । हामीले विज्ञान, प्रविधि र वैज्ञानिक व्यापार व्यवस्थाजस्ता राम्रा कुराहरू अरु देशहरूबाट सिक्नुपर्दछ । तर, सामाजिक विज्ञानको सम्बन्धमा पुँजीवादको नक्कल गरिनु हुन्न । पुँजीवादी विचारधाराले पुँजीवादी निजी स्वामित्वलाई मात्र सेवा गर्नेछ, हाम्रोजस्तो समाजवादी स्वामित्वलाई सेवा गर्नेछैन ।

केही कामरेडहरू मार्क्सवाद-लेनिनवादलाई मात्र उल्लेख गर्नु नै पर्याप्त छ भन्ने तर्क दिन्छन् । तर, तिनीहरू यो तथ्यबाट विमुख हुन्छन् - माओ त्सेतुङ विचारधारा चिनियाँ क्रान्तिको ठोस व्यवहारमा खारिएको मार्क्सवाद-लेनिनवादको आधारभूत सिद्धान्तहरूको उपज हो । यो चिनियाँ क्रान्तिको व्यवहारमा विकसित मार्क्सवाद-लेनिनवाद हो । यसको आफ्नै विशिष्टता र आफ्नै खालका स्वरूपहरू छन् । हामी चिनियाँ कम्युनिस्टहरूले मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारालाई बोकेर जनताको निम्ति धेरै योगदान गरेका छौं र आफ्नै किसिमको पार्टी प्रणालीलाई विकसित गरेका छौं । आज जनतालाई एकगठ पार्न, समस्यामाथि विजय हासिल गर्न र चार आधुनिकीकरणलाई प्राप्त गर्न दिलोज्यानले प्रयत्नशील हुनको लागि हामीले अझै पनि माओ त्सेतुङ विचारधारामाथि समर्पित हुनैपर्छ ।

माओ त्सेतुङ विचारधारका आधारभूत सिद्धान्तहरू हाम्रो पार्टी र देशको निर्देशक विचारधारा हो । यसलाई पार्टी केन्द्रीय समितिले बारम्बार पुष्टि गरेको छ र चिनियाँ कम्युनिस्ट पार्टीको संविधानमा र भित्री पार्टी राजनैतिक जीवनको निम्ति निर्देशक सिद्धान्तहरूमा समावेश गरिएको छ । माओ त्सेतुङ विचारधारालाई नकार्ने वा कलङ्कित पार्ने खालको कुनै पनि कार्य पार्टीको संविधान र अनुशासनलाई उल्लङ्घन गर्ने कार्य हुन् । जनताको निम्ति दिलोज्यानले सङ्घर्षरत भइरहने हामीजस्ता अनुभव भएका कम्युनिस्ट र समस्त कम्युनिस्टहरूले पार्टी र जनताका मुख्य-मुख्य हितहरूलाई रक्षा गर्नको निम्ति माओ त्सेतुङ विचारधारालाई कलङ्कित पार्ने र अध्यक्ष माओको प्रतिष्ठालाई बिगार्न खोज्नेहरूविरुद्ध लड्नुपर्दछ ।

आज विश्वका धेरै देशमा असङ्ख्य युवाहरूमा सैद्धान्तिक र बौद्धिक खुराक नहुनाले इर्ष्याको भावना बढ्दै गएको छ । हाम्रो दीर्घकालीन सङ्घर्षमा हामी चिनियाँ कम्युनिस्टहरूले हाम्रो आफ्ना किसिमका नैतिक आदर्श र विश्वासहरूलाई स्थापना गरेका छौं । यही आधारमा हामी जनतासित एकगठ हुनसक्यौं र जनतालाई शिक्षित पार्नसक्यौं । हामीले हाम्रो विश्वासलाई बिगार्नु हुन्न । मेरो मतलब अध्यक्ष माओका प्रत्येक शब्द सही छ भन्नु होइन । उहाँले बोल्नुभएका केही कुराहरू गलत र पुराना भइसकेका छन् । तर, माओ त्सेतुङ विचारधाराको सार र आधारभूत सिद्धान्तहरूले सधैं नै चिनियाँ कम्युनिस्ट र क्रान्तिकारी जनताको निम्ति बौद्धिक हतियार रहिरहनेछ । यसले क्रान्तिलाई निरन्तर अघि बढाउन हामीलाई निर्देशन दिइरहनेछ । एक वैज्ञानिक प्रणालीको रूपमा माओ त्सेतुङ विचारधारलाई निरन्तर थप्दै र विकास गर्दै लानुपर्दछ । हामीले आफ्ना पूर्वजहरूप्रति हदभन्दा बढी आलोचक हुनुहुन्न । तिनीहरूका त्रुटिहरूलाई सङ्घर्षमा आफ्नो व्यवहारबाट पछिल्लो पुस्ताले मात्र मेट्न सक्नेछ । यही ढङ्गले मात्रै माओ त्सेतुङ विचारधाराको ढुकुटी निरन्तर बढ्दै जाने र विकास हुँदै जानसक्ने छ । यस्तो उज्ज्वल झन्डामुनि अर्को एउटा नयाँ अध्यायलाई लेख्न सकिनेछ ।

***पेकिङ रिभ्यू, नं १७, २७ अप्रिल, १९८१***

***अनुवाद : लाल***

***स्रोत : चीनबारे हाम्रो बुझाइ***

***समाप्त***

---

*अन्तरविरोधबारे...*

- प्रमुख अन्तरविरोध:

उदाहरण: पुँजीवादी समाजमा सर्वहारा र पुँजीपति वर्गबिचको अन्तरविरोध प्रमुख अन्तरविरोध हो ।

उदाहरण: जब साम्राज्यवादले कुनै अर्ध-औपनिवेशिक देशमाथि आक्रमण गर्छ, तब साम्राज्यवाद र त्यो देशबिचको अन्तरविरोध प्रमुख बन्छ । त्यो स्थितिमा देशभित्रका सबै वर्गीय अन्तरविरोधहरू गौण बन्न पुग्छन् ।

- प्रमुख पक्ष:

कुनै पनि अन्तरविरोधमा विरोधाभासी पक्षहरूको विकास असमान हुन्छ । दुई पक्षमध्ये एक प्रमुख पक्ष हुनुपर्छ र अर्को गौण पक्ष हुनुपर्छ ।

वस्तुको प्रकृति मुख्यतया अन्तरविरोधको प्रमुख पक्षले निर्धारित गर्छ । किनभने, प्रमुख पक्ष प्रभावशाली स्थानमा हुन्छ ।

प्रमुख र गौण पक्षहरू एकअर्कामा बदलिन्छन् । वस्तुको प्रकृति तदनुसार परिवर्तन हुन्छ । उदाहरणका लागि, "नयाँले पुरानोलाई विस्थापित गर्छ" भन्ने प्रक्रियामा, नयाँ पक्ष सानोबाट ठुलो हुँदै प्रभावी बन्न पुग्छ । यसले गर्दा पुरानो वस्तु गुणात्मक रूपमा नयाँ वस्तुमा परिवर्तित हुन्छ ।

**२. अन्तरविरोधका पक्षहरूको पहिचान र सङ्घर्ष**

यस अवधारणाले अन्तरविरोधका दुई पक्षहरू कसरी एकअर्कासँग सम्बन्धित छन् भन्ने कुराको व्याख्या गर्छ ।

**अवधारणा व्याख्या**

पहिचान (Identity) का दुई अर्थ छन् ?

अ. सह-अस्तित्व:

प्रत्येक पक्षको अस्तित्व अर्को पक्षको अस्तित्वमा निर्भर हुन्छ । दुवै पक्ष एउटै एकाइमा सह-अस्तित्वमा रहन्छन् । जस्तो, जीवन बिना मृत्यु हुँदैन, पुँजीपति वर्गबिना सर्वहारा वर्ग हुँदैन ।

आ. रूपान्तरण:निश्चित

परिस्थितिहरूमा प्रत्येक विरोधाभासी पक्ष कालान्तरमा आफ्नो विपरीत पक्षमा रूपान्तरित हुन्छ । जस्तो, पहिले शासित रहेको सर्वहारा वर्ग क्रान्तिपछि शासक बन्छ । पहिलेको शासक पुँजीपति वर्ग क्रान्तिपछि शासित वर्गमा फेरिन्छ ।

सङ्घर्ष (Struggle) विपरीतहरूको सङ्घर्ष निरपेक्ष, निरन्तर र सर्वव्यापी हुन्छ । जबकि, तिनीहरूको पहिचान वा एकता सशर्त, अस्थायी र सापेक्ष हुन्छ । लेनिनले भन्नुभयो, "आपसमा बाहेक विपरीतहरूको सङ्घर्ष निरपेक्ष छ, जसरी विकास र गति निरपेक्ष छन् ।" सङ्घर्षले नै एकखाले प्रक्रियालाई अर्कोमा रूपान्तरण गर्छ ।

**३. पहिचान र सङ्घर्षको सम्बन्ध**

पहिचानभित्र सङ्घर्ष निहित हुन्छ । सङ्घर्षबिना पहिचान हुन सक्दैन । सशर्त, सापेक्ष पहिचान र नि:शर्त, निरपेक्ष सङ्घर्षको संयोजनले सबै वस्तुमा विपरीत पक्षहरूबिच द्वन्द्व पैदागर्छ ।

अन्तरविरोधकोएउटा विशेषता विरोधिता ( antagonism) पनि हो ।

परिभाषा:विरोधिता विपरीत पक्षहरूबिच सङ्घर्षको एक रूप हो, तर यसको यही मात्र रूप छैन ।

वर्ग समाजमा:निश्चित चरणमा पुगेपछि शोषक र शोषित वर्गबिच हुने अन्तरविरोधहरूले खुला विरोधको रूप धारण गर्छन् । अनि ती अन्तरविरोध क्रान्तिमा विकसित हुन्छन् ।

गैरविरोधी अन्तरविरोध: केही अन्तरविरोधहरू खुला विरोधको रूपमा प्रकट हुँदैनन् । सुरुमा गैर-विरोधीदेखिने कतिपय अन्तरविरोधहरू पछि गएर विरोधी अन्तरविरोध बन्न सक्छन् । जबकि, सुरुमा विरोधी देखिने अन्तरविरोधहरू पछि गएर गैर-विरोधी अन्तरविरोध बन्न सक्छन् ।

- उदाहरण: समाजवादी देश र क्रान्तिकारी आधार इलाकाहरूमा सहर र ग्रामीण इलाकाबिचको विरोधी अन्तरविरोध गैर-विरोधी अन्तरविरोधमा परिवर्तन भयो ।
- लेनिनले भन्नुभयो, "विरोध र अन्तरविरोध एउटै कुरा होइनन् । समाजवादी समाजमा पहिलो ( विरोध) हराउनेछ तर दोस्रो (अन्तरविरोध) रहनेछ ।"

**निष्कर्ष**

"अन्तरविरोधको नियम"अर्थात् "विपरीतहरूको एकता" को नियम नै प्रकृति, समाज र विचारको आधारभूत नियम हो । यो अधिभौतिक/आध्यात्मिक विश्व दृष्टिकोणको विरोधी छ । र, यसले मानव ज्ञानको इतिहासमा एक महान् क्रान्तिको प्रतिनिधित्व गर्छ ।

सार्वभौमिकता र विशिष्टता :

अन्तरविरोध सबै प्रक्रियाहरूमा सुरुदेखि अन्त्यसम्म व्याप्त रहन्छ (सार्वभौमिकता), तर प्रत्येक अन्तरविरोध र यसको प्रत्येक पक्षको आफ्नै विशेषता हुन्छ (विशिष्टता) ।


**पहिचान र सङ्घर्ष :**

निश्चित परिस्थितिहरूमा विपरीत पक्षहरूको भिन्दाभिन्दै पहिचान हुन्छ । जसले गर्दा तिनीहरू सह-अस्तित्वमा रहन र एकअर्कामा रूपान्तरण हुन सक्छन् (सापेक्षता), तर विपरीतहरूको सङ्घर्ष निरन्तर र निरपेक्ष हुन्छ ।

**क्रान्तिकारी गतिविधि :**

यस नियमको सारलाई बुझेर जडसुत्रवादी विचारहरूलाई भत्काउन सकिन्छ र अनुभवी कमरेडहरूले आफ्नो अनुभवलाई सिद्धान्तमा सुगठित गर्न सक्छन् । एक क्रान्तिकारी कम्युनिस्ट पार्टीले सही राजनीतिक र सैन्य रणनीति तय गर्नका लागि प्रमुख र गौण अन्तरविरोध तथा अन्तरविरोधको प्रमुख र गौण पक्षहरूबिचको भिन्नतामा ध्यान दिनुपर्छ र सङ्घर्षका विभिन्न रूपहरू पहिल्याउनुपर्छ ।

*व्यङ्ग्यचित्रको कुनो*




# जुम्लामा स्तालिन र माओको जन्मजयन्ती मनाइयो

जुम्ला, १५ पुस । विश्व सर्वहारावर्गका गुरुहरू जे.भी. स्तालिन र माओ त्सेतुङको पुस १२ गते जन्म जयन्ती मनाइयो ।


उक्त कार्यक्रममा यज्ञबहादुर बुढ्थापाले विश्व सर्वहारावर्गको लागि स्तालिन र माओको विचार र शिक्षा सही भएकोले विश्वका जनताले उहाँहरूको जयन्ती मनाउँदै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “कामदारवर्गका जनतालाई दबाउनेहरू आफै पतन हुनेछन् ।”

मनप्रसाद उपाध्यायले नेमकिपाको सिद्धान्त र विचार कामदारवर्गको पक्षमा छ भन्नुभयो ।

सन्तल सिंह रावतले नेमकिपा स्थापनाकालदेखि सिद्धान्त र विचारमा अडिग रही देश र जनताको पक्षमा सङ्घर्षरत रहेको बताउनुभयो ।





हर्क बोहराले इमानदारीपूर्वक र निःस्वार्थपूर्वक राजनीति गरिरहेको दललाई कार्यकर्ताले छोड्न नहुने विचार व्यक्त गर्नुभयो ।

राजेश्वर देवकोटाको सभापतित्वमा भएको सो कार्यक्रममा सन्तबहादुर खत्री र देवीबहादुर बुढ्थापाले पनि स्तालिन र माओले पुर्‍याएको देनबारे प्रकाश पार्नुभयो ।

***समानुपातिकको...***

दिएकामा जम्मा ६४ दलले मात्रै उक्त प्रणालीका लागि उम्मेदवारी दिएका हुन् ।

प्राप्त बन्दसूचीका सम्बन्धमा पुस १५ देखि २० गतेसम्म छानबिन गर्ने कार्यतालिकाअनुसार काम हुने बताउनुभयो । आयोगले पुस २० गतेसम्म बन्दसूची छानबिन गरेपछि सच्याउनुपर्ने वा अपुग भाग जति भएमा पुस २१ गतेदेखि २७ गतेसम्म मिलाउन दललाई समय दिनेछ । यही पुस २८ गतेदेखि माघ ३ गतेसम्म दलले मिलाएको बन्दसूची जाँच गरिने आयोगले जनाएको छ । आगामी माघ २० गते अन्तिम सूची प्रकाशन हुनेछ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ( पहिलो संशोधन) अध्यादेश, २०८२ बमोजिम नेपाल सरकारले २०७८ को जनगणनाको प्रतिवेदनबमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिमको जनसङ्ख्या प्रतिशतको आधारमा दलहरूले बन्दसूची पेस गरेका हुन् । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ अनुसूची १ लाई संशोधन गर्न सरकारले राष्ट्रपतिसमक्ष सिफारिस गरेपछि पुस ४ गते अध्यादेश जारी भएको थियो ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ अनुसूची-१ मा राष्ट्रिय जनगणना २०६८ अनुसार समावेशी समूहको प्रतिशत उल्लेख थियो । आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्यअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८ को जनसङ्ख्याका आधारमा समावेशी आधार प्रतिशतका आधारमा दलहरूले उम्मेदवारको बन्द सूची पेस गर्नुपर्ने छ ।

पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फको निर्वाचन कार्यक्रमअनुसार आगामी माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ । सोही दिन नै उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम तय भएको छ । उम्मेदवारीमाथि आगामी माघ ७ गते विरोधमा उजुरी दिने समय निर्धारण गरिएको छ ।

आगामी माघ ८ गते उम्मेदवारको नामावली प्रकाशन हुनेछ । यस्तै, माघ ९ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् र सोही दिन नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ ।

**मतपत्र छपाइको तयारी सुरु**

यसैबिच उम्मेदवारीको मनोनयन प्रक्रिया सुरु भएसँगै आयोगले निर्वाचनको लागि आवश्यक करिब चार करोड थान मतपत्र छपाइको प्रक्रिया अघि बढाएको छ । आयोगका कार्यवाहक आयुक्त रामप्रसाद भण्डारीसहित आयुक्तहरू, उच्चाधिकारी र सम्बन्धित शाखाका कर्मचारीले आज बैठक गरी मतपत्रको सम्भावित ढाँचा, आकार र 'डिजाइन' बारे परामर्श गर्नुभएको छ ।

# रुसले आणविक–सक्षम ओरेसनिक मिसाइल प्रणाली सक्रिय गर्‍यो

मस्को, १५ पुस (एपी) । रुसको रक्षा मन्त्रालयले मङ्गलबार देशको आणविक-सक्षम ओरेसनिक मिसाइल प्रणाली अब सक्रिय सेवामा प्रवेश गरेको घोषणा गरेको छ । यो घोषणा युक्रेन-रुस शान्ति वार्ता जारी रहँदै गर्दाको समयमा आएको हो ।

मन्त्रालयका अनुसार सेनाले छिमेकी बेलारुसमा छोटो समारोह आयोजना गर्दै मिसाइल तैनाथ गरेको छ । कतिवटा मिसाइल तैनाथ गरिएको वा अन्य विशिष्ट विवरण सार्वजनिक गरिएको छैन ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले डिसेम्बरको सुरुमा ओरेसनिक मिसाइल प्रणाली युद्ध कर्तव्यमा प्रवेश गर्ने बताउनुभएको थियो । उहाँले उच्च सैन्य अधिकारीहरूसँग बैठकमा यदि किएभ र पश्चिमी सहयोगीहरूले शान्ति वार्तामा क्रेमलिनको माग अस्वीकार गरे भने मस्कोले युक्रेनमा आफ्नो लाभ विस्तार गर्न खोज्नेछ भन्दै चेतावनी दिनुभएको थियो ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फ्लोरिडा रिसोर्टमा युक्रेनी राष्ट्रपति भोलोदिमर जलेन्स्कीलाई स्वागत गर्दै शान्ति सम्झौताका लागि 'पहिलेभन्दा नजिक' भएको बताउनुभयो । तर युक्रेनी सेनाको फिर्ती क्षेत्र र जापोरिजिया आणविक ऊर्जा संयन्त्रको भविष्यजस्ता विषयमा वार्ताकारहरू अझै प्रमुख मुद्दाहरूमा सहमति खोजिरहेका छन् ।

पुटिनले ओरेसनिक मिसाइलको क्षमताको प्रशंसा गर्दै यसका धेरै वारहेड अवरोध हुनबाट सुरक्षित रहेको बताउनुभएको छ । उहाँले पश्चिमी राष्ट्रलाई चेतावनी दिँदै मस्कोले आवश्यक परे युरोपभरि नाटो सहयोगीहरूविरुद्ध मिसाइल प्रयोग गर्नसक्ने सम्भावना रहेको बताउनुभयो ।

रुसका रक्षा अधिकारीहरूले ओरेसनिक मिसाइल प्रणाली मध्यम दूरीका मिसाइलहरू ५०० देखि पाँच हजार ५०० किलोमिटरसम्म उड्न सक्ने र परम्परागत वा आणविक हतियार बोक्न सक्षम हुने बताएका छन् । यस प्रकारका मिसाइलहरू सन् २०१९ सम्म सोभियत युगको सन्धिअन्तर्गत प्रतिबन्धित थिए ।

मस्कोले सोमबार युक्रेनले पुटिनको लुकेका निवासस्थानमा ड्रोन हमला गरेको दाबी गरेको थियो । तर, क्रेमलिनले हालसम्म यसलाई पुष्टि गर्न कुनै ठोस प्रमाण पेस गर्न सकेको छैन । यसलाई 'आतङ्कवादी कार्य' र पुटिनमाथि 'व्यक्तिगत आक्रमण' भएको बताइएको छ ।

## पूर्वपश्चिम महेन्द्र राजमार्ग अवरुद्ध

चन्द्रपुर (रौतहट), १५ पुस । पूर्वपश्चिम राजमार्गअन्तर्गत रौतहटको चन्द्रनिगाहपुर-धन्सार सडकखण्डको लमाह पुल नजिक मङ्गलबार बिहान एलपी ग्यास बोकेको ट्याङ्कर दुर्घटना हुँदा राजमार्ग अवरुद्ध भएको छ ।

भारतको रक्सौलबाट एलपी ग्यास बोकेर धनुषाको महेन्द्रनगरतर्फ जाँदै गरेको युपी १७ एटी २११४ नम्बरको ट्याङ्कर मङ्गलबार बिहान दुर्घटना भएको हो । दुर्घटनामा ट्याङ्कर चालक भारतको कदोरा जिल्ला जयनगर थाना निवासी ३५ वर्षीय पवन यादव घाइते हुनुभएको छ । घाइते चालकको चन्द्रनिगाहपुरस्थित सिभिल अस्पतालमा उपचार भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख राजेन्द्र थापामगरले जानकारी दिनुभयो ।

हाल पूर्वबाट आएका सवारीसाधन चन्द्रनिगाहपुरस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय अगाडि र पश्चिमतर्फबाट आएका सावारीसाधन धन्सार पुल नजिक रोकिएको ट्राफिक प्रहरी प्रमुख थापामगरले बताउनुभयो ।

***विद्यार्थीहरूलाई...***

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन हरतरिकाले प्रयास भइरहेको र गुणस्तरलाई ध्यान दिइरहेको बताउनुभयो ।

भक्तपुरमा शिक्षासम्बन्धी राष्ट्रिय सम्मेलनका साथै अन्तर्राष्ट्रिय सम्मेलन पनि गर्न थालेको स्पष्ट पार्दै भक्तपुरकै विषय अध्ययन अध्यापनको विषय बनाएर लानुपर्ने धारणा राख्नुभयो ।

सबैको साथ र सहयोगकै कारण वागीश्वरी कलेजले जिल्लामा पहिलोपटक सामुदायिक कलेजतर्फ क्यूएए प्राप्त गर्न सफल भएको चर्चा गर्दै उहाँले आवश्यकताअनुसार भौतिक पूर्वाधार थपिने क्रम जारी रहेको र अहिले पनि अपुग भइरहेको जानकारी दिनुभयो ।

त्रिविको लापरबाहीका कारण विद्यार्थीहरूमा निराश भएर मुलुक छोड्ने गरेका कारण ख्वप विश्वविद्यालयको माग गरेकोमा मन्त्रीपरिषद्मा पुगेपछि कानुनको अभाव देखाउँदै सरकारले बाधा हालेको उहाँले स्पष्ट पार्नुभयो ।

सरकारले रोके पनि विश्वविद्यालयस्तरको शिक्षा दिन लागिपरेको बताउँदै उहाँले ख्वप विश्वविद्यालयमा आबद्ध हुनसक्ने शैक्षिक संस्थाहरूसँग विद्यार्थी र जनशक्तिका हिसाबले २४ वटा विश्वविद्यालयस्तरका निकायहरूमा चौथो स्थानमा रहेको जानकारी दिनुभयो ।

वाग्मती प्रदेशका सांसद सुरेन्द्रराज गोसाईंले ३५ वर्षमा सरकारमा गएका दलहरूले नवउदारवादको नाममा राम्रो बनाउने भन्दै ध्वस्त पारेका कारण नयाँ पुस्ता विद्रोहमा आएको धारणा राख्नुभयो । नयाँ पुस्ताको आन्दोलनलाई अमेरिकी साम्राज्यवादको साथ र प्रशिक्षण रहेको घटनाक्रमले पुष्टि गर्दै लगेको उहाँले स्पष्ट पार्नुभयो ।

अमेरिकी सरकारलाई रिझाउन र खुसी पार्नको लागि एमसीसी र इन्डोप्यासिफिक रणनीतिलाई सरकारमा गएका दलहरूले निम्त्याएकै कारण अहिले समीकरण बनिरहेको र सरकार फेरबदलमा चलखेल गर्न अमेरिकालाई सहज भएको उहाँको टिप्पणी रहेको छ ।

सरकारमा जाने ठुला दलहरूले ठेकेदार र म्यानपावर कम्पनीका सञ्चालकहरूलाई सांसद र नेता बनाएकै कारण राजनीतिमा फोहोर पसेको र उनीहरूलाई एमाले काङ्ग्रेस र माओवादीले गंगाजल छर्केर चोख्याउन खोज्दा देश नै खतरामा पुगेको उहाँले बताउनुभयो ।

अहिले समाजमा व्यक्तिवादी प्रवृत्ति हाबी हुँदै आएको र राजनीति भनेको फोहोरी खेल भन्नेहरू नै मन्त्री प्रधानमन्त्री बन्छु भनेर आउन थालेकोमा उहाँले आश्चर्य व्यक्त गर्नुभयो ।

वाग्मती प्रदेशकै सांसद सृजना सैंजूले वागीश्वरीको भूमिका र योगदान अतुलनीय भएको बताउँदै शिक्षा क्षेत्रको ज्वलन्त उदाहरणको रूपमा वागीश्वरी अघि बढिरहेको धारणा राख्नुभयो ।

अहिले विश्वविद्यालयले विश्वविद्यालयको जस्तो काम नगरेको र विदेशी सम्बन्धन प्राप्त कलेजहरूको लुटतन्त्र छरपस्ट हुन थालेको दृष्टान्त सांसद सैंजूले पेस गर्नुभयो ।

पश्चिमा सामाजिक सञ्जालले दिग्भ्रमित बनाउने भएकाले विद्यालय कलेजले वास्तविक ज्ञान प्रदान गर्न पाठ्यपुस्तकबाहेकका शिक्षाहरू पनि दिनुपर्ने धारणा उहाँले राख्नुभयो ।

अमेरिकी साम्राज्यवादले ५० भन्दा बढी मुलुकमा सत्ता उथलपुथलको प्रयास गरेकोमा ९० प्रतिशत सफल भएको र बङ्गलादेश श्रीलङ्कापछि नेपालमा पनि अमेरिकी रणनीतिले भूमिका खेलेको उहाँले बताउनुभयो । अमेरिकालाई इराक र अफगानिस्तानको सत्ता उथलपुथल महँगो भएका कारण अहिले नयाँ शैलीमा प्रस्तुत भएको र चीन घेर्ने नीतिअनुसार नेपालमा आन्दोलन गराएको आरोप उहाँले लगाउनुभयो ।

वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याखवले वागीश्वरीमा सीटीईभीटीका कक्षा, प्राविधिक कक्षा, खुला विद्यालय र अन्य तालिमहरू पनि सञ्चालन भइरहेको जानकारी दिनुभयो । वागीश्वरीले शैक्षिक गन्तव्य बनाउन प्रयास गरिरहेको बताउँदै उहाँले अन्य सफल विद्यालयहरूको सफलतालाई अङ्गीकार गर्दै विद्यालयलाई थप उचाइमा पुर्‍याउने बताउनुभयो ।

वागीश्वरी कलेजका संयोजक ज्ञानसागर प्रजापतिले वागीश्वरीले पूर्वाधार थप गर्ने क्रममा भवन खरिद र जग्गा खरिदका कार्य भइरहेको जानकारी दिँदै नमुना शिशुस्याहार केन्द्र बनाउने गरी कार्य भइरहेको बताउनुभयो ।

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रममा मानविकी सङ्काय प्रमुख राजन फेलुले पनि बोल्नुभएको थियो ।

**हार्दिक समवेदना**



जन्म : २००६/१२/१८
निधन : २०८२/०९/०९

यस उदय साकोसका व्यवसाय प्रवर्द्धन तथा बचत उपसमितिका सदस्य सत्यराम कासिछ्वाका पूजनीय पिता **सीताराम कासिछ्वा**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**उदय बचत तथा ऋण सहकारी संस्था लि.**
लिबाली-८, भक्तपुर

**हार्दिक समवेदना**



जन्म
२०००/०७/१८

स्वर्गारोहण
२०८२/०९/०४

यस विद्यालयका संस्थापक सदस्य प्रकाशकुमार श्रेष्ठ तथा शुभचिन्तक जीवनकुमार श्रेष्ठकी पूजनीय आमा रामकेशरी श्रेष्ठको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**प्राइम एकेडेमी परिवार**
मध्यपुर थिमि-८,बोडे

**चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।**

जाडो तथा चिसोको समयमाः

❖मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।
❖बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।
❖चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
❖तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
❖शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।
❖घर तथा कोठा न्यानो बनाऔं।
❖नियमित घाम ताप्ने गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा